खेलकुद क्षेत्रको विकासमा सबैले ध्यान दिनुपर्ने पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २४६ • २०८० साल माघ १९ गते शुक्रबार (2 Feburary, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सव

# 'मातृभाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनामा जोड'




**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व प्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जनकपुरधाममा सुरु भएको महोत्सवलाई विद्वतवर्गको सभा रहेको बताएका छन् ।

जनकपुरधाममा बिहीबारदेखि सुरु भएको पाँच दिवसीय जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवको उद्घाटनको क्रममा पूर्वप्रधानमन्त्री नेपालले मिथिलाको इतिहास स्मरण गर्दै प्राचीनकालमा जनकको राजधानी जनकपुरधाम विद्वान, ऋषिमुनीलगायतको विचार, विमर्श, मन्थन भूमिको रुपमा रहेको बताउँदै उनले मैथिली भाषा, साहित्य, कला तथा संस्कृतिको गम्भीर विमर्श हुनु आश्वयक रहेको बताए ।

उनले मिथिला र मैथिली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनको आवश्यकता रहेकाले यसको अस्तित्व बचाउन जरुरी रहेको बताए ।

मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र मैथिली विकास कोषको आयोजना एवं जनकपुरधाम उपमहानगरपालिकाको सह-आयोजनामा जारी महोत्सवमा उनले प्राचीनकालदेखि नै मिथिला ज्ञान, विज्ञान तथा विद्वान, विदुषीहरूको भूमि रहेको चर्चा गरे । उनले यो भूमि राजा जनक प्रजाका प्रिय नेतासमेत रहेको बताउँदै अहिलेका राजनीतिज्ञहरूका लागि जनक प्रेरणाको श्रोत रहेको बताए ।

राजा जनकले त्यतिबेला नै श्रमको महत्व बढाएको बताउँदै उनले राजा जनकले खेतीका लागि आफैले श्रम, मिहिनेत गरी श्रमको निष्ठा र यसप्रतिको सम्मानका लागि राजा जनकले अद्भूत भूमिकाको प्रदर्शन गरेको प्रसंग उनले उल्लेख गरे ।

उनले राजा जनकले आध्यात्मिक साहित्यक हिसाबले सनातन वैदिक धर्म बढाउने कार्यका लागि अभियान नै चलाएको स्मरण गरे । मैथिली संस्कृतिका अतिरिक्त यस क्षेत्रमा भएका अन्य जातजातिको भाषा, साहित्य तथा संस्कृतिलाई देखाउने अवसर प्रदान गरेर मिथिलाले देशलाई जोड्ने सन्देश दिएको उनले बताए ।

त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले विगतभन्दा अहिलेको संविधान महत्वपूर्ण रहे पनि त्रुटिपूर्ण रहेको बताए । उनले गणतन्त्र नेपालमा वञ्चित र भेदभाव अझै पनि कायमै रहेकाले यसको अन्त्य हुनु जरुरी रहेको बताए । संविधान संशोधन नभए संविधान फ्याल्नेहरु आइसकेको बताउँदै उनले समयमै संशोधन आवश्यक रहेको बताए ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले महात्मा गान्धीको स्मरण गर्दै मातृभाषालाई आमाको दुध र अन्य भाषालाई बेलायती दुधको संज्ञा दिए । उनले मातृभाषा मैथिली भाषाको साहित्यको विकासको लागि काम गर्न जरुरी रहेको बताए ।

मातृभाषा मैथिली रहेकाले शिक्षाको व्यवस्था गर्नु जरुरी रहेको उनले बताए । राज्यले शिक्षाको सवालमा षड्यन्त्र गरेर मातृभाषाको विस्तार तथा कामकाजको भाषा बन्न नदिनका लागि स्थानीयले आफैले खर्च गरेर विकास गर्नुपर्ने प्रावधान राखेर मातृभाषा संग षडयन्त्र गरेको उनले दावी गरे । नेपाली भाषालाई बलियो बनाउनका लागि मातृभाषाप्रति संघीय सरकारले नै षड्यन्त्र गरी विभेद गरेको उनले बताए ।

अध्यक्ष यादवले मल्लकालमा मैथिली भाषा काठमाण्डुको राजकाजको भाषा भएको चर्चा गर्दै नेपाली भाषाको जन्मसमेत त्यतिबेलाको नभएको बताउँदै उनले भने-' त्यतिबेला मैथिली भाषा, साहित्य, कला र संस्कृति समृद्धि भएको इतिहास साक्षी छ ।'

भाषा तथा संस्कृतिको क्षेत्रमा विभेद गर्ने काम गणतन्त्रमा पनि भइरहेको बताउँदै संवैधानिक रुपमा नै अहिले कुनै एक भाषालाई राज्यको संरक्षण दिने काम भएको छ भने अन्य भाषालाई संरक्षणको जरुरी रहेको उनले बताए ।

अध्यक्ष यादवले मधेश प्रदेश स्थापना भएपछि मधेशीको पहिचान बढे पनि मधेशका लागि दिएको बजेट निक्कै कम भएको बताउँदै प्रदेशले चाडै मैथिलीसहितका भाषालाई प्रदेशको कामकाजी भाषा बनाउने बताए ।

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले मैथिली तथा भोजपुरीसहितको भाषाको विकासका लागि प्रदेश सरकारले सुरुदेखि नै विभिन्न प्रकारको कामकाज गर्दै आएको बताए ।

नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादवले मैथिली भाषा, साहित्य तथा संस्कृतिको विकासका लागि राज्यले संरक्षण गर्नुपर्ने बताए ।

नेकपा एमालेका सचिव योगेश भट्टराईले मैथिली भाषाको प्रभाव अहिले पनि देशको विभिन्न भागमा विस्तार हुन थालेको बताउँदै यस महोत्सवले थप मद्दत मिल्ने बताए ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको सभापतित्वमा नेकपा एकीकृत समाजवादीका नेता तथा पूर्वमन्त्री रामचन्द्र झा, मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण प्रसाद यादव, अर्थमन्त्री संजय कुमार यादव, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादव, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि सभा सदस्य डा. शोभिता गौतम, राष्ट्रियसभा सदस्य आनन्दप्रसाद ढुङ्गानालगायतकाले महोत्सवको सफलताको शुभकामना दिएका थिए ।

# रातिमै परीक्षा र ट्रायल

**टुडे समाचारदाता**

गौर । यातायात कार्यालय रौतहटमा रातिमै परीक्षा र ट्रायल हुने गरेको पाइएको छ । दिनमा बढी चहल पहल रहने यातायात कार्यालय रौतहटमा लाइसेन्सका लागि रातिमै लिखित परीक्षा र रातिमै ट्रायल हुने गरेको छ ।

यातायात कार्यालय रौतहटका प्रमुखमा अरविन्द दास आएपछि चालक अनुमतिपत्र लिनका लागि मधेशका अन्य जिल्लाबाट समेत सर्वसाधारण रौतहट पुग्ने गरेका छन् । मोटरसाइकल, चारपांग्रे सवारी साधनका लागि छुट्टा-छुट्टै शुल्क लिने गरेका छन् । मोटरसाइकलको लाइसेन्सका लागि २० देखि २५ हजार र चारपांग्रे सवारीको लाइसेन्सका लागि ३५ देखि ४० हजार रुपैयाँसमेत उठाउने गरेका छन् । यातायात कार्यालय रौतहटमा सर्वसाधारण भन्दा बढी बिचौलियाहरुको उपस्थिति अधिक रहेको समेत पाइएको छ ।

मधेश प्रदेशका हरेक जिल्लामा यातायात कार्यालय रहे पनि रौतहट अहिले सबैको रोजाइमा पर्न थालेको छ ।







# जनवरीमा आए ७९ हजारभन्दा बढी पर्यटक



टुडे समाचारदाता

काठमाण्डु । सन् २०२४ को पहिलो महिना जनवरीमा ७९ हजार एक सय विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यो सन् २०२३ को जनवरीको तुलनामा २४ हजार २६ ले बढी हो । गत वर्षको जनवरीमा ५५ हजार ७४ जना विदेशी पर्यटक नेपाल आएका थिए ।

नेपाल पर्यटन बोर्डका अनुसार जनवरीमा ८१ हजार आठ सय ९७ जना बाहिरिएका छन् । जनवरीमा सबैभन्दा बढी भारतीय पर्यटक २४ हजार एक सय ३९ जना नेपाल आएका छन् । गत वर्षको सोही अवधिमा १६ हजार चार सय ३६ भारतीय पर्यटक नेपाल आएका थिए ।

साथै चिनियाँ पर्यटक सात हजार दुई सय ६७, अमेरिकी पर्यटक सात हजार ४७, थाइल्याण्डबाट चार हजार छ सय १९ जना पर्यटक नेपाल आएका छन् । जनवरीमा दक्षिण कोरियाबाट तीन हजार आठ सय १२, बङ्गलादेशबाट तीन हजार छ सय २९, अष्ट्रेलियाबाट तीन हजार चार सय २१, बेलायतबाट तीन हजार दुई सय ७६, भुटानबाट दुई हजार दुई सय २९ र जापानबाट एक हजार पाँच सय ६८ जना विदेशी पर्यटक नेपाल आएका छन् ।

# धनुषाका दुई शहीद छैनन् सूचीमा


टुडे समाचारदाता

जनकपुरधाम । शहीद सप्ताह बुधबारबाट सकिएको छ । देश तथा जनताको मुक्ति र अधिकारका लागि जीवन बलिदान गर्ने शहीदप्रति सम्मान गर्न देशैभर माघ १० देखि १६ गतेसम्म शहीद सप्ताह मनाइएको थियो ।

नेपाली जनतालाई अधिकारसम्पन्न नागरिक बनाउँदै जहानियाँ राणाशासन, निरङ्कुश पञ्चायती व्यवस्था एवं त्यसपछिका विभिन्न अधिकार प्राप्तिका आन्दोलन एवं लोकतान्त्रिक जनआन्दोलनमा प्राण आहुति गरेका वीर सपुतको योगदान स्मरण गर्दै शहीद सप्ताह मनाइएको थियो ।

धनुषाका दुई शहीदलाई भने राज्यबाट उपेक्षित गरिएको स्थानीयको भनाइ छ । धनुषाको धनुषाधाम नगरपालिका-६, उमाप्रेमपुरका शहीद ईश्वर लामा र पदम लामाको नाम सूचीमा समावेश नगरिएकाले स्थानीय दुःखी भएका छन् ।

शहीदमध्ये ईश्वरका भाइ राजकुमार लामाले पहुँच नपुगेकाले ईश्वर र पदमको नाम शहीदको सूचीमा समावेश हुन नसकेको बताए । दुवैलाई शहीदको सूचीमा राख्न स्थानीयवासीको सहभागितामा राजनीतिक दलका शीर्ष नेतालाई भेटेर पहल गरिदिन आग्रह गर्दै आएको उनले बताए । शहीदको योगदान र पहिचान कायम गराउन सहयोगको अपिल गर्दै राजकुमारले भने-'शहीद कुनै पार्टी विशेषको हुँदैन भन्ने हाम्रो बुझाइ छ । राष्ट्र र जनताका लागि जीवनको आहुति दिएका हुन्छन् । उनीहरूले पनि प्रजातन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवनको आहुति दिएका छन् ।'



उनका अनुसार २०४२ साल पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलनमा होमिएका दुवै जनालाई तत्कालीन पञ्चायती शासकले षड्यन्त्रमूलक ढङ्गले हत्या गरी लास बेपत्ता पारेका थिए । २०४२ सालमा कांग्रेसले घोषणा गरेको सत्याग्रह आन्दोलनमा भाग लिएका दुवै जना जेठ ११ गते गिरफ्तारीमा परेका थिए । तत्कालीन पञ्चायती प्रशासनले गिरफ्तार गरी विभिन्न यातना शिविर, अस्थायी जेल तथा अड्डासार गर्ने बहानामा दुवै जनाको हत्या गरी लास बेपत्ता गरेको ईश्वर लामा र पदम लामाका विषयमा भएका अनुसन्धान प्रतिवेदनमा उल्लेख रहेको उनको भनाइ छ ।

> "शहीद कुनै पार्टी विशेषको हुँदैन भन्ने हाम्रो बुझाइ छ । राष्ट्र र जनताका लागि जीवनको आहुति दिएका हुन्छन् । उनीहरुले पनि प्रजातन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवनको आहुति दिएका छन् ।"

यसै गरी हिरासतमा भेट भएका विमलेन्द्र निधि, रामहरि जोशी, रामराजाप्रसाद सिंह, मोहनचन्द्र अधिकारी, मार्सलजुलुम शाक्य, राधाकृष्ण मैनाली, दमननाथ ढुङ्गाना, आनन्दप्रसाद ढुङ्गाना, रेवतीरमण सुवेदी, सिपी मैनाली, राजेश्वर नेपाली, लोककृष्ण भट्टराईलगायत ४० जनाले लेखेका संस्मरणमा उनीहरूको योगदानको चर्चा गरेका छन् । उनीहरूले ईश्वर लामा र पदम लामालाई राज्यले अहिलेसम्म शहीदको सूचीमा नपारेकामा आश्चर्य प्रकट गरेका छन् ।

त्यसअघि २०३१ जननायक विश्वेश्वरप्रसाद कोइरालाले आह्वान गरेको सशस्त्र सङ्घर्षमा संलग्न हुँदा ईश्वर लामा गिरफ्तारीमा परेर छ वर्षभन्दा बढी कठोर जेल जीवन बिताएका थिए । त्यस बखत उनीलाई फाँसी वा जन्मकैद हुन सक्ने राजकाज मुद्दा लगाइएको थियो । २०३७ साल वैशाख १ गते ईश्वर आममाफी पाएर कारागारमुक्त भएका थिए ।

जेलबाहिर आएपछि नेपाली कांग्रेसका शीर्ष नेताहरू बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, महेद्रनारायण निधिसँग प्रत्यक्ष सम्पर्कमा रहेर पार्टी सङ्गठन सुदृढीकरण र आन्दोलन विस्तारका लागि अहोरात्र खटेका थिए । २०३९ सालमा बिपीको देहावसानपछि जिल्लामा नै रहेर राजनीतिक अभियानमा जुटेका उनी त्यस बखत जिल्ला कांग्रेस धनुषाको कार्यसमितिका कार्यकारिणी सदस्यसमेत रहिसकेको उनीसम्बन्धी गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

२०४२ सालमा पञ्चायती प्रशासनले पक्राउ गर्दा ईश्वर २९ वर्षका थिए भने पदमको उमेर ३० वर्ष थियो । पहुँच नपुगेर उनी दुवैको नाम शहीदको नामावलीमा समावेश हुन नसकेको स्थानीयको आरोप छ ।

# अटो रिक्सा चोरीको घटनामा वृद्धि

टुडे समाचारदाता

जनकपुरधाम । पछिल्लो केही दिन यता जनकपुरधाममा अटो रिक्सा चोरीको घटनामा वृद्धि भएको छ ।

बुधवार राती मात्रै जनकपुरधामउपमहानगरपालिका-१६ कपिलेश्वरको हनुमानथानबाट स्थानीय अकबर साफीको ना३ स २२५० नम्बरको अटो रिक्सा चोरी भएको छ । घर अगाडि नै चार्जका लागि राखिएको उक्त रिक्सा मध्यरातिमा चोरी भएको पीडितले बताए ।

केही दिन अघि जनकपुरधाम- ४ कटैया चोरीमा चार्जका लागि राखिएको एक अटो रिक्सामा अज्ञात समूहले आगजनी गरेका थिए । दुई दिन अघि मात्रै जनकपुरधामको विभिन्न स्थानबाट ४ वटा अटो रिक्सा चोरी भएको थियो ।

अटो रिक्सा चोरीको घटनामा वृद्धि भएपछि दैनिक अटो रिक्सा चलाएर घरपरिवारको जीविका चलाउने सर्वसधारण मदजुर मारमा परेका छन् । कमाईको एक माध्यम रिक्सा रहेकोले त्यो रिक्सा नै चोरी भएपछि ती परिवारहरुको बिच्चलीमा पर्ने गरेका छन् ।

ऋण, सापटी गरेर अटो रिक्सा खरिद गरेका मजदुरहरु अटो रिक्सा नै चोरी भएपछि झन समस्यामा पर्ने गरेका छन् । यो विषयमा प्रहरी प्रशासनले वडाहरुमा गस्ती बढाउनुपर्ने पीडितहरुको भनाइ छ ।

# फैलिँदै विषालु 'उल्टा काँडा' झार


टुडे समाचारदाता

झापा । लज्जावती झारजस्तै देखिने विदेशबाट भित्रिएको ' उल्टा काँडा' नामक मिचाहा प्रजातिको झार फैलिएर झापामा जैविक विविधता र पशुपालनमा सङ्कट थपिएको विज्ञहरूले जनाएका छन् ।

फरेस्ट एक्सन नेपालका अनुसन्धाता डा लीलानाथ शर्माले झापाको मेचीनगरमा हालै भएको ताजा अध्ययनले १५ वटै वडामा 'उल्टा काँडा' फैलिएको भेटिएको र त्यसबाट जैविक विविधतामा सङ्कट निम्तिएको बताए । झापाको १५ वटै पालिकामा यो मिचाहा वनस्पति फैलिइसकेको शर्माले बताए ।

डिभिजन वन कार्यालय झापा, सामुदायिक वन उपभोक्ता महासङ्घ र प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्रको सहकार्यमा फरेस्ट एक्सन नेपालले मेचीनगरमा छजना प्राविधिक टोली खटाएर स्थलगत अध्ययन गरेको थियो । अध्ययनले सबै वडामा फैलिएको तथ्य फेला परेपछि यसको नियन्त्रण अभियानमा मेचीनगर नगरपालिकाले समेत चासो बढाएको छ ।

वैज्ञानिक नाम 'मिमोसा डिप्लोट्राइका' रहेको यो आगन्तुक झारलाई स्थानीयले 'उल्टा काँडा' भन्ने गर्छन् । लज्जावती झारसँग मिल्दोजुल्दो यो झारको पात, डाँठ र फूलमा विषालु झुस हुन्छ भने यसको घाँस खाएका पशु बिरामी भएर मर्ने गर्छन् । झापा, मोरङ र सुनसरी जिल्लाका अधिकांश सामुदायिक वन र खाली जमिनमा 'उल्टा काँडा' झार डरलाग्दो रूपमा फैलिरहेको अनुसन्धाता शर्माले बताए । यसको तत्काल नियन्त्रण गर्न विशेष कार्यक्रम नै चाहिने उनको सुझाव छ ।



'उल्टा काँडा' झार नियन्त्रण अभियान सञ्चालन गरिरहेको फरेस्ट एक्सन नेपालले केही वर्षअघि गरेको अर्को अध्ययनले झापाका अधिकांश सामुदायिक वन, सहरका नयाँ घडेरी क्षेत्र र सडक किनारमा यसले रैथाने झारलाई विस्थापित गरिरहेको निष्कर्ष निकालेको थियो । झापा र मोरङमा एक दशकमा पाँच सयभन्दा बढी चौपाया 'उल्टा काँडा'को घाँस खाएर मरिसकेको फरेस्ट एक्सन नेपालले जनाएको छ । 'उल्टा काँडा'को विषाक्त घाँस खाँदा मरेका पशुमा बाख्राखसीको संख्या आधाभन्दा बढी रहेको बताइएको छ ।

'उल्टा काँडा' बहुवर्षीय मिचाहा प्रजातिको झार हो । यसको बोट हरेक वर्ष फैलिरहन्छ । यसको उद्गम थलो अमेरिकी महाद्वीप मानिएको छ । दुई दशकअघिदेखि नेपालमा यसले फैलिन थालेको मानिन्छ । भुटानी शरणार्थी शिविरको घेराबाराका लागि यसको बीज ल्याएर छरिएको र त्यहीँबाट फैलिएको विज्ञहरूको अनुमान छ । हाल पूर्वी नेपालमा मात्र यो पाइएको छ ।अरेली काँडाको जस्तो काँडा र लज्जावतीको जस्तो पात हुने यसको झाडी तीव्रगतिमा फैलिन्छ । खोलाको किनार, बगर, खुला ठाउँ, जङ्गल, सडक छेउछाउ र ढुङ्गा बालुवा छरिएको ग्राभेल बाटोमा यो जताततै भेटिने गर्छ । खोलाबाट ढुङ्गा र बालुवा ल्याइएको कारण सहरका घडेरी र सडकमा यसको झाडी फैलिएको हो ।

यसले खेतबारीमा फैलिएर अन्नबाली र चरन क्षेत्र मास्ने गरेको सामुदायिक वन महासङ्घ झापाका अध्यक्ष बेदप्रकाश भण्डारीले बताए । झापाका २२ सामुदायिक वनमा अध्ययन गर्दा यसले जैविक विविधतामा सङ्कट निम्त्याइसकेको पाइएको उनले बताए । "यो झार जहाँ फैलिन्छ, त्यहाँ रैथाने झार र बुट्यान मासिन्छन्", भण्डारीले भने, "फूल, जरा र लहराको माध्यमबाट यसको झाडी छिटो बढ्ने गरेको छ । झाडीभित्र वन्यजन्तुसमेत छिर्न नसक्ने अवस्था सिर्जना हुन्छ ।"

मिमोसिन नामक विषालु रसायन हुने भएकाले उल्टा काँडाको घाँस खाएका अर्जुनधाराका थुप्रै पशु चौपाया मरेको उनले बताए । यसको झुस र काँडा बिझेमा पशु र मानिसको शरीरमा चिलाउने र घाउ बन्ने गर्दछ । यसको डाँठमा उल्टो परेको काँडा हुने भएकाले स्थानीयले यसको नाम नै 'उल्टा काँडा' भन्ने गरेका हुन् ।

झापाको टिमाइ, विरिङ, रतुवा, मावालगायतका खोला किनारबाट ल्याइने बालुवासँगैयसको विज गाउँबस्तीमा फैलिने गरेको छ । बिर्तामोडको निचाझोडा सामुदायिक वनको २० हेक्टरभन्दा बढी जमिनमा 'उल्टा काँडा' झारले रैथाने वनस्पतिलाई विस्थापित गरिसकेको छ ।

"जहाँ फैलिएको छ, त्यहीँ यसलाई मास्ने कार्य गरेमा मात्र नियन्त्रण प्रभावकारी हुन्छ", फरेस्ट एक्सन नेपालका अनुसन्धाता डा शर्मा भन्छन्, "स्थानीय तह, वन समिति र नागरिक समाज नै यसको नियन्त्रणमा हातेमालो गरेर अघि बढ्न आवश्यक छ ।" झाडीलाई समूल फाँडेर र उखेलेर आगो लगाई नष्ट गरेर यसको नियन्त्रण गरिँदै आएको उनले बताए ।जैविक विविधता जोगाउन यस्ता मिचाहा झारको नियन्त्रणको खाँचो औंल्याउँदै फरेस्ट एक्सन नेपालले झापाको हल्दिबारी, मेचीनगरलगायतका पालिकामा विशेष अभियान सञ्चालन गरिरहेको छ । "यो माइकेनिया झारभन्दा पनि डरलाग्दोसँग फैलिएको छ", उनले भने, "तत्काल नियन्त्रण गर्न पहल नगर्ने हो भने मास्नै नसक्ने गरी फैलिनेछ ।"

# आयुर्वेद स्वास्थ्य प्रवाहबारे अन्तर्क्रिया

टुडे समाचारदाता

भक्तपुर । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले स्वदेशी तथा विदेशी नागरिकलाई आयुर्वेद स्वास्थ्य सेवा प्रवाह गरेको छ । आयुर्वेद स्वास्थ्य सेवा प्रवाहबारे जानकारी दिन केन्द्रले यहाँका पत्रकारहरूसँग अन्तर्क्रिया कार्यक्रम गर्दै आयुर्वेद स्वास्थ्यमा विश्वास बढ्दै गएपछि सेवा प्रवाहको चाप पनि बढेको जनाएको छ ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा नरेन्द्रप्रसाद गिरीले गत आर्थिक वर्षमा २२ विदेशी पर्यटकले आयुर्वेदको स्वास्थ्य सेवा लिएको जनाउँदै यस वर्षको छ महिनामा पाँच महिला र एक पुरुष गरी छ विदेशीले सेवा लिइसकेको बताए ।

स्वदेशीमात्रै नभई पछिल्लो तीन वर्षयता विदेशी पर्यटकले समेत सेवा लिने क्रम बढेको जनाउँदै उनले विदेशी पर्यटकले नाडी छामेर गरिने स्वास्थ्य जाँचदेखि पेटको वायुसम्बन्धी स्वास्थ्य परीक्षण गराउने गरेको उनले बताए ।

केन्द्रले सुन, चाँदी र पञ्चधातुको सियोबाट हाडजोर्नी, नशासम्बन्धी दुखाइका लागि गरिने उपचार अग्निकर्म सेवा विस्तार गरेको बताउँदै स्तनपायी आमाका लागि दूध वृद्धि हुने खाद्यान्नसहितको स्तनपायी सेवा सञ्चालन गरेको जानकारी दिए ।

केन्द्रका प्रमुख डा गिरीले सबै सेवा निःशुल्क प्रवाह गर्दै आएको जानकारी दिँदै चालु आर्थिक वर्षको छ महिनामा केन्द्रमा सात हजार तीन सय ७४ महिलासहित १२ हजार तीन सय ८५ जनालाई सेवा प्रदान गरेको बताए । केन्द्रमा एक हजार एक सय ५६ महिलासहित एक हजार सात सय ७६ जनाले पूर्वकर्म सेवा लिएका, एक हजार दुई सय ९८ महिलासहित दुई हजार एक सय ४५ ले अकुपञ्चर सेवा लिएको, सात हजार सात सय २६ जनाले प्याथोलोजी ल्याब सेवा लिएको डा गिरीले बताए ।

केन्द्रमा सम्पूर्ण सेवा निःशुल्करूपमा उपलब्ध गराइराखेको जनाउँदै डा गिरीले केन्द्रले २३ थरि औषधि निःशुल्क वितरण गर्दै आएको, ज्येष्ठ नागरिक सेवा, स्तनपायी आमा, योग, स्वस्थ जीवन प्रवर्द्धन, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमलगायतका सेवा प्रवाह गर्दै आएको बताए । प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले आयुर्वेद स्वास्थ्यको सेवाप्रति जनतामा विश्वास जगाउन पत्रकारको भूमिका महत्त्वपूर्ण हुने बताए । उनले भक्तपुरमा आयुर्वेद स्वास्थ्य सेवामा सेवाग्राहीको चाप बढ्नुले यसप्रतिको विश्वास बढेको पुष्टि हुने भन्दै जनतामा यसबारे प्रचार पुर्याउनुपर्ने बताए ।

त्यस अवसरमा नेपाल पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष जगतकृष्ण प्रजापतिलगायतका सञ्चारकर्मीले ओझेलमा परेको आयुर्वेद स्वास्थ्य सेवालाई पालिकास्तरबाटै टोलटोलमा पुर्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष राजुप्रसाद अधिकारी तीन वर्ष अगाडिसम्म जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र कहाँसम्म छ भन्ने जानकारी नपाएको अवस्थामा अहिले सेवा लिन आउनेको चाप बढेको बताए ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधाममा बिहीबारबाट सुरु भएको चौथौं जनकपुर साहित्य कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव-२०८० मा नृत्य प्रस्तुत गर्दै मुस्लिम धर्मावलम्बी कलाकारहरु । *तस्बिरः रासस*

# निर्यातका लागि नेपाली उत्पादन मौलिक हुनुपर्छ : अर्थमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले निर्यात व्यापारलाई देशको अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गर्न आवश्यक रहेको बताएका छन् ।




निर्यात व्यवसायी महासङ्घ नेपाल (फिन)को स्थापना दिवस तथा चौथो वार्षिकोत्सव समारोहमा अर्थमन्त्री डा महतले नेपाली उत्पादन उच्च प्रविधियुक्तभन्दा पनि मौलिक हुनुपर्नेमा जोड दिए । "निर्यात क्षेत्रको भविष्य निकै राम्रो छ । निर्यातमुखी अर्थतन्त्रका लागि सरकारले वातावरण तयार पार्न सक्दो प्रयास जारी राखेको छ", उनले भने, "निर्यातका लागि नेपाली उत्पादन मौलिक हुनुपर्छ ।"

उनले भारतसँगको व्यापार सम्झौताबाट फाइदा लिन छाडेर साफ्टाको विषय उठाउन आवश्यक नरहेको धारणा राखे । उनले आर्थिक वृद्धि, रोजगारी सिर्जना, राजस्व वृद्धि र दिगो विकासलाई प्रवर्द्धन गर्न निर्यातकर्ताले खेल्दै आएको भूमिका महत्त्वपूर्ण रहेको उनको भनाइ छ । "निर्यात व्यवसायीहरूको समर्पण र परिश्रमले विश्वबजारमा नेपाली उत्पादनको बजार माग बढाउन र मुलुकको निर्यात क्षमता विस्तारमा योगदान रहँदै आएको छ", उनले भने । मन्त्री महतले फिनले उठान गरेका जायज माग देशमा आर्थिक स्रोतको कमीका कारण तत्काल सम्बोधन गर्न नसकिएको र निकट भविष्यमा निर्यातकर्तालाई सहुलियत उपलब्ध गराइने प्रतिबद्धतासमेत व्यक्त गरे ।वार्षिकोत्सवका अवसरमा महासङ्घले उत्कृष्ट निर्यातकर्तालाई सम्मान गरेको छ भने निर्यात बुलेटिन २०८० का अतिथि सम्पादक सरोज ओझा र कथा नेपाललाई कदरपत्रबाट सम्मान गरिएको छ ।

# गम्भीरता पुर्वक ध्यान दिनुपर्ने ओलीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मानव स्वास्थ्यमा प्रतिकुल असर पुऱ्याउने कुरामा सबैले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने बताएका छन् ।



पार्टीको केन्द्रीय वन तथा वातावरण विभागले विहिबार ललितपुरको च्यासलस्थित पार्टी कार्यालयमा 'जलवायु परिवर्तनले वातावरणमा पारेको असर र समाधानका उपायका' बारेमा अन्तरक्रिया कार्यक्रममा उनले मानवीय स्वार्थ र असावधानीले स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने काम भइरहेको बताए ।

अध्यक्ष ओलीले जलवायु परिवर्तनको स्वाभाविक कारणलाई रोक्न नसकिने हुँदा त्यस्ता प्राकृतिक अवस्थामा मानिसले अनुकूलित हुन सिक्नु अनिवार्य रहेको बताए । उनले कार्वन उत्सर्जनका कारण मानव स्वास्थ्यमा पारेको असरलाई न्यूनीकरण गरी समस्या समाधानका बारेमा सबैले ध्यान दिनुपर्नेमा जोड दिए ।अध्यक्ष ओलीले काठमाडौँ उपत्यकामा इँटा उद्योगबाट भइरहेको कार्वन उत्सर्जनले मानव स्वास्थ्यमा पारेको असरका बारेमा अध्ययन गर्न जरुरी रहेको भन्दै उपत्यकामा कार्वन उत्सर्जन नहुने प्रविधिका उद्योग स्थापनामा सरकारले प्रोत्साहन र प्रवर्द्धन गर्नुपर्ने बताए । "कार्वन उत्सर्जन बढ्दै गएको छ । यसको समाधान कसरी गर्न सकिन्छ भन्नेतर्फ सबैको ध्यान जान जरुरी छ", उनले भने ।

अध्यक्ष ओलीले जलवायु परिवर्तनका कारण सिर्जना भइरहेका स्वास्थ्य समस्यालाई लिएर मानिस चिन्तित भइरहेका भन्दै नेपालमा वनको क्षेत्रफल अनुसार जङ्गल नरहेकाले सघन वन क्षेत्र बढाउनुपर्नेमा जोड दिए । विभाग प्रमुख भारती पाठकले पृथ्वीले धान्न नसक्ने गरी कार्वन उत्सर्जन भइरहेको भन्दै त्यसको रोकथाम र समाधान खोज्नुपर्ने आवश्यकता रहेको बताए ।

# प्रक्रियागत ढिलासुस्तीविरुद्ध प्रधानमन्त्रीको क्रियाशीलता

**टुडे समाचारदाता**

काठमाण्डु । विभिन्न विषयगत मन्त्रालयमा रायका लागि पेस भएका फाइलहरू १५ दिनभित्र अनिवार्यरूपमा सम्बन्धित निकायमा रायसहित फिर्ता पठाउनुपर्ने भएको छ ।

अन्तर मन्त्रालयगत समन्वयलाई प्रभावकारी बनाएर निर्णय प्रक्रियामा हुने ढिलाइलाई हटाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा उक्त व्यवस्था गरिएको हो ।निर्देशनअनुसार कुनै विषयमा कुनै पनि मन्त्रालयले अन्य कुनै मन्त्रालय वा निकायसँग राय माग गरेको १५ दिनभित्र सम्बन्धित मन्त्रालय वा निकायलाई फाइल फिर्ता नगरेमा स्वतः सहमति भएको मानिनेछ ।



गत पुस २४ गतेको मन्त्रिपरिषद् बैठकले सरकारी कार्यप्रक्रियामा शीघ्रता कायम गर्न सुशासन ऐनबमोजिम सो निर्णय गरी नेपाल सरकारका सबै मन्त्रालयहरूमा परिपत्र गरिएको छ परिपत्रअनुसार अब अन्य मन्त्रालय वा निकायबाट रायका लागि माग भइआएका विषयमा सम्बन्धित मन्त्रालय वा निकायले १० दिनभित्र राय दिनुपर्नेछ र १५ दिनभित्र पनि नदिए त्यस विषयमा स्वतः सहमति दिएको मानिने व्यवस्था गरिएको छ । राय, सहमतिका लागि मन्त्रालयमा फाइल पुगे पनि त्यसउपर समयमै राय प्रतिक्रिया तथा सहमति प्रदान नगर्ने र सो ढिलासुस्तीका कारण विकास निर्माण, कानुन निर्माण तथा सेवा प्रवाहसम्बन्धी विभिन्न सरकारी निकायका कामहरूमा असर परेपछि मन्त्रिपरिषद्ले यस्तो निर्णय गरेको हो ।

सरकारको यो निर्णयबाट कुनै पनि मन्त्रालयलाई मन्त्रिपरिषद्मा प्रस्ताव ल्याउन सहज भएको छ । यसले सरकारका गतिविधिमा हुँदै आएको ढिलासुस्ती कम हुँदै गएको छ । यसले विभिन्न मन्त्रालयले अन्य मन्त्राललयलाई दिनुपर्ने रायका विषयमा झुलाएर राख्ने प्रवृत्ति कम हुँदै गएको छ ।

प्रधानमन्त्रीको सक्रियतामा भएको उक्त निर्णयपश्चात् अन्तरमन्त्रालय कार्यमा गति पैदा भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए । उनले भने, "अब काम हुन्छ वा हुन्न भन्ने स्पष्ट खुलाउनपर्ने हुन्छ, विगतमा जस्तो ढिलासुस्ती गर्न पाइन्नँ ।"

विगतमा छ महिना, वर्ष दिनसम्म पनि परामर्श नदिने अवस्था रहेको गुनासो आउने गरेमा त्यो समस्या अन्य भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले बताए । उनले भने, " विकास-निर्माणका निम्ति नीति निर्माण, कार्यान्वयन एवं मूल्याङ्कनलगायत विषयमा राय लिनुपर्ने हुन्छ, राय दिनुपर्ने समयसीमा तोक्दा कार्यसम्पादन सहज भएको छ ।"

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले प्रधानमन्त्री कार्यालयबाट निर्णय आएको जानकारी दिँदै विकास निर्माणमा यसले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । उनले विकास निर्माणमा केन्द्रित भएका मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयले विकास निर्माणमा हुने गरेको ढिलासुस्ती कम भएर जाने बताए ।

प्रधानमन्त्री कार्यालयका प्रवक्ता भट्टले मन्त्रालयगत 'ब्रिफिङ'का क्रममा प्रधानमन्त्रीसँग मन्त्रिपरिषद्का सदस्य तथा विभिन्न मन्त्रालयका सचिवले कानुनका मस्यौदा तथा अन्य निर्णयका विषयमा मागिएको राय समयमा प्राप्त नहुँदा काम गर्न ढिलाइ भएको बताएसँगै प्रधानमन्त्री दाहालले राय तथा सहमति दिने सम्बन्धमा समयसीमा तोकेर व्यवस्था गर्न निर्देशन दिए बमोजिम मन्त्रिपरिषद्ले पछिल्लो निर्णय गरी परिपत्र गरेको हो ।

# योजना कार्यान्वयन सुस्त

**टुडे समाचारदाता**

गण्डकी । गण्डकी प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई आफ्ना वार्षिक नीति तथा कार्यक्रमलाई गति दिन सुझाव दिइएको छ । गण्डकी प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिको बुधबारको बैठकमा समितिका सभापति, सदस्यलगायतले चालु आवको बजेट आएको आठ महिना बित्न लाग्दासमेत मन्त्रालयका योजना कार्यान्वयनमा सुस्तता देखिएको बताएका हुन् ।




समितिका सदस्य वेदबहादुर गुरुङले सरकारको नीति तथा कार्यक्रममा प्राथमिकता पाएका कतिपय योजना बजेटमा नसेमिटनु दुःखद् भएको बताए । "नीति, कार्यक्रममा आउने तर वार्षिक कार्यक्रम र बजेटमा नपर्दा जनतालाई झुक्याएको जस्तो हुन्छ", उनले भने, "बजेट सुनिश्चित भएका योजना कार्यान्वयनमा पनि ढिलासुस्ती छ, यसतर्फ प्रदेश सरकार र सम्बन्धित मन्त्रालय गम्भीर बन्नुपर्छ ।"

सदस्य गुरुङले खानेपानी र सिँचाइ क्षेत्रमा मन्त्रालयले हालसम्म हासिल गरेको उपलब्धिको यथार्थ तथ्याङ्क अहिलेसम्म बाहिर आउन नसकेको बताए । मुख्यमन्त्रीले पदभार ग्रहण गर्दा घोषणा गरेको लिफ्टिङ सिँचाइ आयोजनाको विद्युत् महशुलमा शतप्रतिशत अनुदान दिन अहिलेसम्म कार्यविधि बन्न नसकेकामा उनले गुनासो व्यक्त गरे ।समितिका सदस्य दिलमाया पौवीले प्रदेश सरकारले टुक्रेयोजना कटौती गरे पनि सङ्घ सरकारबाट ससाना योजनामा बजेट आएकाले कार्यान्वयनमा जटिलता थपिने गरेको बताए । उनले टुक्रेयोजना बढी हुँदा स्थानीय तहबाट हुने अनुगमन प्रभावकारी हुन नसकेको धारणा राखे । सदस्य पौवीले योजना छनोटलाई आवश्यकतामुखी र वैज्ञानिक बनाउनुपर्ने बताए ।

समितिका सभापति फणिन्द्र देवकोटाले आर्थिक वर्षको अन्त्यमा आएर बल्ल योजना कार्यान्वयनमा जुट्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताए । उनले हरेक चौमासिक अवधिमा मन्त्रालयले देखिन गरी कार्यसम्पादन गर्नुपर्ने र उपलब्धि सार्वजनिक गर्नुपर्ने बताए । "हामीसँग स्रोतसाधन, जनशक्ति, प्रविधि आदिको सीमितता छ, तर यसो भन्दैमा विकास निर्माण र सेवाका काममा ढिलासुस्ती गर्ने छुट हामीलाई छैन", उनले भने ।

बैठकमा उठेको प्रश्न र जिज्ञासाको जवाफ दिँदै मन्त्रालयका सचिव इञ्जिनियर गणेशराज वस्तीले स्रोत सुनिश्चित नगरी नीति र कार्यक्रम तय गर्दा समस्या निम्तिएको बताए । उनले मन्त्रालयमा अघिल्ला आवदेखि नै काम हुन नसकेका योजनाको चाङ रहेको बताए ।

सचिव वस्तीले प्रदेशका दुई हजार र सङ्घका करिब पाँच सय गरी मन्त्रालयमा २४ सय ६८ योजना रहेको बताए । तीमध्ये १२ सय योजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको उनले बताए । सचिव वस्तीकाअनुसार चालु आवको पहिलो चौमासिकमा कृषक कुलो सुधारबाट ९६ हेक्टरमा सिँचाइ सुविधा विस्तार भएको छ । यो वर्ष दुई हजार हेक्टरमा सिँचाइ विस्तारको लक्ष्य मन्त्रालयले लिएको छ । २५ किमी तटबन्धको लक्ष्य लिइएकामा पहिलो चौमासिकमा दुई किमीमा तटबन्ध सकिएको सचिव वस्तीले जानकारी दिए ।

यस वर्ष ३० हजार घरधुरीमा खानेपानी धारा जडान गर्ने लक्ष्य रहेकामा गत कात्तिकसम्ममा छ हजार पाँच सय ५३ घरमा धारा जडान गरिएको उनको भनाइ छ । उनले कतिपय योजना बजेटको सुनिश्चित नहुँदा अगाडि बढाउन नसकिएको बताए । ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले सङ्घ सरकारबाट आएका रु ३० लाखभन्दा कम बजेटका योजना कार्यान्वयन नगरिने बताए । उनले प्रदेश सरकारले पनि टुक्रेयोजना कटौती गरेको जनाउँदै आगामी वर्षदेखि यसमा थप सुधार गरिने बताए । बजेट आँकलन नै नगरी जथाभावी योजना छनोट गर्ने परिपाटीलाई पनि निरुत्साहित गरिने उनको भनाइ छ ।

# वैदेशिक रोजगारीमा ठगी गर्ने पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाइदिन्छु भन्दै छ सयभन्दा बढीलाई ठगी गरेको आरोपमा एक पक्राउ परेका छन् । पक्राउ पर्नेमा कन्जोसोम गाउँपालिका-४, ललितपुर बस्ने ३२ वर्षीय विकाश वाइवा रहेको उपत्यका अनुसन्धान कार्यालय काठमाडौँले जनाएको छ । पक्राउ परेका उनलाई प्रहरी विहिबार सार्वजनिक गरेको हो ।

निजलाई ललितपुरको लेलेबाट पक्राउ गरिएको विहिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । निज तामाङले नक्कली परिचय दिई युरोपियन मुलुक माल्टा, पोल्याण्ड, क्यानडा र क्रोसिया लगायतका देशहरुमा पठाइदिन्छु भनी प्रलोभनमा पारी छ सय जनाभन्दा बढी व्यक्तिहरुबाट करोडौं रकम ठगी गरेको पाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।

निजले विसं २०७३ सालबाट अयुस म्यानपावरलगायत विभिन्न मेनपावरमा एजेन्टका रुपमा करिब पाँच वर्ष काम गरी विभिन्न व्यक्तिहरुलाई दुबई, कतार मलेसियामा पठाएको प्रहरीको भनाइ छ साथै २०७७ सालमा ठगी तथा अपराधिक लाभसम्बन्धी कसुर मुद्दामा फरार रही नेपाल तथा भारतको विभिन्न स्थानमा लुकीछिपी बसेको, २०८० वैशाखमा आफूलाई विकाश वाइवा भनी नक्कली परिचय दिई बालाजुमा युरो विङ्स एजुकेसन कन्सलटेन्सी सञ्चालन गरेको पनि प्रहरीले जानकारी दिएको छ ।

उनले सरकारी निकायका कर्मचारीलाई समेत युरोप पठाउने भनी रकम लिई नक्कली भिसा देखाई जागिर छाड्न लगाएको तथा विकास वाईवाको नामबाट बैंक खाता खोली आफैले हस्ताक्षर गरी बैंक तथा वित्तीय संस्थामार्फत आर्थिक कारोबार गरेको अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ ।

पक्राउ परेका तामाङले युरोपियन मुलुकमा कामदार पठाउँछु भनेर क्यानडाका लागि रु १८ लाख, माल्टाका लागि रु आठ लाख, पोल्याण्डका लागि रु सात लाख र क्रोशियाका लागि रु छ लाख ५० हजारका दरले ठगी गरेको प्रहरी नायव उपरीक्षक अनिल घिमिरेले जानकारी दिए । उहाँका अनुसार निजले छ सयभन्दा बढी सर्वसाधारणबाट रु ५० हजारदेखि रु पाँच लाखसम्म रकम लिएको देखिएको छ ।

तामाङले ठगी गरेको रकमबाट रु चार करोड व्यक्तिगत ऋण तिरेको, राप्ती म्यानपावर, वसुन्धारामा ५० प्रतिशत शेयर, हुण्डाईको क्रेटा गाडी खरिद गरेको, भाईको खातामा रु १५ लाख ५० हजार जम्मा गरेको, जलविद्युत सहकारी संस्थाबाट लिएको रु १५ लाख ऋण तिरेको तथा रु ५ लाखको सुनको ब्रास्लेट खरिद गरेको पत्ता लागेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# विमानस्थल सञ्चालनसम्बन्धी अध्ययन समिति गठन



**टुडे समाचारदाता**


काठमाण्डु । सरकारले अन्तर ाष्ट्रिय विमानस्थल सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा सञ्चालन गर्ने सम्बन्धमा एक अध्ययन समिति गठन गरेको छ ।

विहिबार बसेको मन्त्रिपरिषद् बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पेश गरेको अध्ययन समिति गठन गर्ने प्रस्तावलाई स्वीकृति दिएको हो । पूर्वसचिव शङ्करप्रसाद अधिकारीको संयोजकत्वको समितिमा लगानी विज्ञ घनश्याम ओझा, मन्त्रालयका हवाई महाशाखा प्रमुख बुद्धिसागर लामिछाने, लगानीबोर्डका सहसचिव र नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक दीपेन्द्र श्रेष्ठ सदस्य सचिव रहने गरी पाँच सदस्यीय समिति गठन गरेको हो ।

काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल र पोखरास्थित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा र पिपिपी मोडलमा सञ्चालन गर्ने विषयमा अध्ययन गर्न समिति गठन गरेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार नेपाल वायुसेवा निगमको करार व्यवस्थापनका लागि पनि समिति गठन गरिएको छ । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा, व्यवस्थापन विज्ञ टीकाराम राई, पर्यटन विभागका महानिर्देशक, अर्थ मन्त्रालयको प्रतिनिधि र वायुसेवा निगम अर्थ विभाग प्रमुख सदस्य रहने गरी पाँच जनाको समिति तयार गरिएको छ । सो समितिलाई ४५ दिनको समय अवधि दिइएको छ ।

यससँगै चितवनस्थित भरतपुर विमानस्थल विस्तारका लागि नेपाली सेनाले तत्काल जग्गा उपलब्ध गराउनुपर्ने र भत्किएको संरचना नागरिक उड्डयन प्राधिकरणले निर्माण गर्ने, घोडाको ब्रिडिङ सेन्टरका लागि नेपाली सेनालाई शक्तिखोरमा जग्गा उपलब्ध गराउने र खर्च हुने सम्भावित रकम सरकारले बेहोर्ने पनि निर्णय गरेको छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## प्रशंसनीय कार्य

मैथिली विकास कोषले जनकपुरधाममा साहित्य, कला र अन्तर्राष्ट्रिय नाटक महोत्सवको आयोजना गरेको छ । साहित्य, कलातर्फ नेपालका विविध भाषाका विद्वानहरुले बिभिन्न सत्रमा आयोजित छलफलमा सहभागी हुनेछन् । त्यसैगरि नेपाल र भारतका विभिन्न नाट्य समूहहरुले नाटक प्रदर्शन गर्ने छन् । जनकपुरधाममा आयोजित महोत्सवमा कुनै एउटा विषयलाई मात्र केन्द्रित नगरी विभिन्न विधाहरुलाई समावेश गरिएको छ । छलफलमा सहभागी हुनेहरुले गर्ने छलफलबाट निस्किने निष्कर्षलाई सम्बन्धित निकायहरुले कार्यान्वयन गर्नुपर्छ । हरेक दुई वर्षमा आयोजना हुने साहित्य कला तथा नाटक महोत्सवले भाषा, संस्कृतिको उत्थानमा मद्दत गर्ने निश्चित छ । महोत्सवमा कुनै एउटा मात्र भाषालाई केन्द्रित गरिएको छैन् । खास गरी नेपाली भाषा नै प्राथमिकतामा रहेको छ । प्रायःहरेक सत्रमा नेपाली भाषीहरु पनि सहभागी रहेकाले सबैले बुझ्ने भाषा नेपाली नै प्राथमिकता पाउनु स्वभाविक हो । कार्यक्रमका प्रमुख अतिथि नेपालका पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल रहेका छन् । देशका प्रमुख सबै राजनीतिक दलका नेताहरुको सहभागिता रहेको उद्घाटन सत्र लम्बिए पनि पट्यार लाग्दो भएन् । उदघाटन सत्रमा पटक पटक सांस्कृतिक कार्यक्रमहरुको व्यवस्थापनले दर्शक र अतिथिहरुलाई आनन्दित गरेका थिए । मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिका लगायतका पालिका र अन्य निकायहरुको समेत सहयोग रहेको महोत्सवको उद्घाटन सत्रको क्रममा निकालिएको झाँकी विविधतामा एकताको सन्देश दिएको थियो । नेपाल र भारतका ख्याति प्राप्त विद्वानहरुको सहभागिता रहेको महोत्सवको प्रमुख आकर्षण नाटक र सांस्कृतिक कार्यक्रम नै रहनेछ । मैथिली विकास कोषले केही वर्षदेखि गर्दै आएको आयोजना सफल रहने गरेको छ । मैथिली भाषा र साहित्यलाई लक्षित गरी कार्यक्रम राखिए पनि अन्य भाषा र संस्कृतिहरुलांई पनि समेट्नु महोत्सवको अर्को विशेषता हो । मैथिली विकास कोषको स्थापना भएको झण्डै तीन दशक भइसकेको छ । तर यसले गति लिएको पछिल्लो दशकदेखि मात्र हो । पछिल्लो पटक जीवनाथ चौधरीले कोषको नेतृत्व गर्न थालेपछि ऐतिहासिक फड्को मारेको छ । कोषले अन्तर्राष्ट्रिय स्तरको सम्मेलन केन्द्र निर्माण गरेको छ । जनकपुरधाममा साहित्य , नाट्य लगायतका कार्यक्रमहरुको आयोजना गर्न कठिनाई भइरहेको बेला चौधरीले बहुमञ्जिला कोषको भवन निर्माण गराउन सफल भएका छन् । तर चौधरीले कोषको दायरालाई फराकिलो बनाउन आवश्यक छ । सीमित व्यक्तिहरुको घेराले अनेक प्रकारको आलोचना पनि हुने गरेको छ । कोषलाई केही व्यक्तिमा सीमित गरेर राख्नु उपयुक्त होइन् ।

# संघीयता : कार्यान्वयनको अवस्था र प्रधानमन्त्रीको प्रयास



मनहरि तिमिल्सिना

मुलुकको सातौं संविधानका रूपमा २०७२ असोजमा नेपालको संविधान जारी भयो, जुन संविधान परिवेश, मात्रा र गुणका दृष्टिले समेत विगतका संविधानभन्दा उन्नत र लोकतान्त्रिक प्रक्रियाको अवलम्बन गरी निर्माण गरिएको थियो । तीसभन्दा बढी मौलिक हक, समाजवादोन्मुख राज्यको प्रतिबद्धता, सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, सामाजिक न्यायलगायत प्रावधान भएकाले नेपालको संविधान विश्वका उत्कृष्ट संविधानमध्ये एक प्रमाणित भयो । यसमा हाम्रो मात्र नभएर विश्वभरिका अध्येता र विश्लेषकहो स्वीकारोक्तिसमेत थियो ।

तर, अत्यन्तै प्रगतिशील अन्तर्वस्तु र चरित्रको हुँदाहुँदै पनि कार्यान्वयनमा विलम्ब हुँदै जाँदा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि प्रश्नहरू खडा हुँदै गए । त्यसमा मुख्यतः दुई कारण छन् । पहिलो, सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरोधी शक्तिहरूको योजनाबद्ध प्रहार र विद्रूपीकरण र दोस्रो, संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूमा कार्यान्वयनमा समान इच्छाशक्ति नहुँदा देखिएको गतिरोध । संविधान निर्माणको आठ वर्ष पूरा हुँदासमेत सङ्घीय कानुनहरू निर्माणमा ढिलाइ हुनुमा मुख्यतः यिनै कारण जिम्मेवार छन् ।

सङ्घीय प्रणालीको अवधारणा अगाडि सार्दा मुख्यतः पहिचानका पाँच र सामर्थ्यका चार आधार प्रस्तुत गरिएको थियो । यद्यपि त्यसमा आमसहमति हुन सकेन । ततपश्चात् संविधानसभामा व्यापक बहसमार्फत् अहिले मिश्रित सङ्घीय ढाँचा अवलम्बन गरिएको छ । तर, यसको कार्यान्वयनमा संसद्का कैयौं दलहरूमा रूचि देखिएको छैन । यसर्थ पनि कार्यान्वयनमा विलम्ब भइरहेको छ ।

संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तह गरी राज्य संरचना निरूपण गरिएको छ । साथै, धारा ५७ मा राज्यशक्तिको बाँडफाँटको रूपमा अनुसूची ५, ६, ७, ८, ९ मा व्यवस्था भएअनुरूप तथा साझा अधिकारको प्रयोग संविधान र सङ्घीय, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग गर्ने व्यवस्था गरिएको छ । अहिलेको मुख्य प्रश्न संविधानको अनुसूचीमा भएको साझा अधिकारको क्षेत्राधिकार र कार्यान्वयनको प्रश्न हो । यद्यपि, साझा अधिकार सूचीको कार्य विस्तृतीकरण र मूर्तीकरण नहुँदा प्रदेश र स्थानीय तहले प्रयोग गर्न पाउने एकल अधिकारको कार्यान्वयनसमेत प्रभावित भइरहेको छ ।

नेपालको संविधानमा सङ्घीयताका मूलतः दुई आयाम छन् । एउटा वित्तीय सङ्घीयता र अर्को प्रशासनिक सङ्घीयता । वित्तीय सङ्घीयतामा खर्च जिम्मेवारी, राजस्व अधिकार र जिम्मेवारी, अन्तरसरकारी वित्त हस्तान्तरण, आन्तरिक ऋणको अधिकार र प्राकृतिक स्रोतको परिचालन पर्दछ भने प्रशासनिक सङ्घीयतामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साङ्गठानिक संरचना र कार्य जिम्मेवारी पर्दछ । प्रशासनिक सङ्घीयताको प्रश्नमा सरकारी सेवामा समानुपातिक, समावेशी सिद्धान्त अवलम्बन गरिनुपर्ने प्रष्ट व्यवस्था छ । आज प्रश्न यही हो- यी अधिकारको मूर्तीकरणसहित कार्यान्वयन कसरी प्रभावकारी बनाउन सकिन्छ ।

विसं २०७२ मा संविधान जारी त भयो, तर संविधान कार्यान्वयनले गति लिन सकेन । २०७३ साउनमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भएपछि सङ्घीयता कार्यान्वयनको कामले गति लियो । दश महिनाको छोटो अवधिमा नै स्थानीय तहहरूको निर्धारण, स्थानीय तहको निर्वाचन र सङ्घीय प्रणालीअनुरूपका सरकारी कार्यालयहरू स्थापनाको कामले गति लिए । प्रचण्डको दोस्रो कार्यकाल नै त्यो प्रस्थानविन्दु थियो, जसले सङ्घीयता कार्यान्वयनको बलियो जग बसाल्यो ।

तर, विडम्बना नै भन्नुपर्छ- प्रचण्ड प्रधानमन्त्रीबाट बाहिरिएसँगै सङ्घीयता कार्यान्वयनको मुद्दा ओझेल पर्दै गयो । सङ्घीय कानुनको



मस्यौदा सरकारको प्राथमिकतामा नपर्दा एवं संसद्ले प्रभावकारी भूमिका नखेल्दा कानुन निर्माणको क्षेत्रमा आशातीत प्रगति गर्न सकेन । सङ्घीय कानुन नबन्दा सङ्घको अधिकार प्रदेशमा प्रत्यायोजन हुन सकेन । यसले गर्दा एकातर्फ प्रदेशहरू अधिकारविहीन भए भने अर्कोतर्फ प्रदेशको अवस्थालाई लिएर सङ्घीयता विरोधीहरू व्यवस्थामाथि नै योजनाबद्ध प्रहार गर्न थाले ।

संविधानमा व्यवस्था भएबमोजिमका साझा र एकल अधिकार सूचीको प्रष्ट व्याख्या र मूर्तीकरणका निम्ति २०७३ मा पहिलोपटक कार्य विस्तृतीकरण प्रतिवेदन तयार भएको थियो । उक्त प्रतिवेदनअनुसार तत्कालीन सरकारले सङ्घीयता कार्यान्वयनको प्रक्रिया अगाडि बढाएको थियो । तर, कार्यान्वयनका क्रममा उक्त प्रतिवेदन परिमार्जन गर्नुपर्ने आवश्यकता महसुस गरियो । सोहीअनुरूप कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

त्यसैगरी २०७३ सालदेखि रोकिएको राष्ट्रिय समन्वय परिषद्को बैठक पनि यसै अवधिमा सम्पन्न भएको छ । गत असारमा सम्पन्न मुख्यमन्त्री सम्मेलनले समेत सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण सन्दर्भ स्रोत उपलब्ध गराएको छ ।

वर्तमान संविधान राजनीतिक शक्तिहरूको सहमतिको दस्तावेज भएकाले सङ्घीयताबारे पनि दलहरूका आ-आफ्ना दृष्टिकोण र बुझाइहरू छन् । तसर्थ, संविधानमा लिपिबद्ध प्रावधानहरू बुझ्ने र लागू गर्ने सन्दर्भमा समेत संविधान निर्माणका शक्तिहरूबीच साझा बुझाइ कायम गर्नु आजको प्रमुख चुनौती हुन आइपुगेको छ । केन्द्र, प्रदेश र स्थानीय तहहरूमा प्रशासन र राजनीतिबीच अन्तरसम्बन्ध परिभाषित गर्नु, वित्तीय सङ्घीयताको कार्यान्वयन एवं प्रशासनिक खर्च घटाई आर्थिक अनुशासन कायम राख्नु, संविधान बमोजिम अधिकार क्षेत्रहरूको थप स्पष्टता गरी सहकार्यात्मक सङ्घीयताको मूल्य मान्यतालाई आत्मसात् गर्नु, प्रदेश तथा स्थानीय तहहरूको कार्य प्रभावकारिताको लागि क्षमता विकास गर्नु, सङ्घीय कानुनहरू तर्जुमा गर्नु, अन्तरप्रदेश समन्वय प्रभावकारी तुल्याउनु, जनप्रतिनिधिहरूको संस्थागत क्षमताको विकास गर्नु, तीनवटै तहहरूमा मानव संशाधनको व्यवस्थापन गर्नु आदि विषय संविधान कार्यान्वयनका प्रमुख सवाल र चुनौतीहरू समेत हुन् ।

२०७९ पुस १० गते प्रधानमन्त्री प्रचण्डले तेस्रो कार्यकालको पदभार ग्रहण गरेसँगै सङ्घीयता कार्यान्वयनको प्रक्रियाले गति लिएको छ । प्रधानमन्त्रीमा निर्वाचित भएदेखि नै प्रधानमन्त्री प्रचण्डले सङ्घीय निजामती सेवा ऐन निर्माणको प्रक्रियालाई गति दिन मन्त्रालयलाई निर्देशित गर्नुभयो । यही अवधिमा विद्यालय शिक्षा ऐनको मस्यौदा संसद्मा दर्ता भएको छ । चार वर्षअघि ऐन बनेर पनि कार्यान्वयनको प्रक्रिया रोकिएको प्रहरी समायोजनको प्रक्रिया अगाडि बढेको छ ।

यस अवधिमा वित्तीय हस्तान्तरणको प्रक्रियाले तीव्रता पाएको छ । परिमार्जित कार्य विस्तृतीकरण प्रतिवेदनले वित्तीय र प्रशासनिक सङ्घीयताको लक्ष्मणरेखा कोरिदिएको छ, जसले भविष्यमा हुनसक्ने क्षेत्राधिकारको विवाद धेरै हदसम्म अन्त्य गर्ने विश्वास गर्न सकिन्छ । साथै, सङ्घीय परिषद् को बैठक आयोजना गरी कार्यान्वयनको प्रक्रिया तीव्र तुल्याउने प्रधानमन्त्रीको तयारी छ । विगतमा एकातर्फ सङ्घीयताको समर्थन पनि गर्ने, अर्कोतर्फ कार्यान्वयनमा खास रूचि र तत्परता नदेखाउने प्रवृत्ति विद्यमान थियो । 'हलो अड्काएर गोरू चुट्ने' यस्तो प्रवृत्ति निरूत्साहित गर्नुपर्ने चुनौतीसमेत हामीसामु छ । पछिल्लो समय प्रदेश र मुख्यमन्त्रीहरूले सङ्घीय सरकार र राजनीतिक दलहरूमाथि दबाब बढाइरहेका कारण सङ्घीय कानुनहरू निर्माणमा राजनीतिक दलहरू गम्भीर बन्नुपर्ने बाध्यात्मक परिस्थिति देखिएको छ, जुन सुखद् पक्ष हो ।

व्यवस्था विरोधीहरू सल्बलाउँदै जाँदा संविधान निर्माणका पक्षधर दलका नेताहरूसमेत सङ्घीयताका विरूद्ध उभिने गरेका छन् । यसमा मूलतः दुई कारण जिम्मेवार छ पहिलो, सङ्घीयतासम्बन्धी दृष्टिकोण र बहुआयमिक लाभबारे पर्याप्त ज्ञान नहुनु र दोस्रो, सङ्घीयताविरोधी जनमतलाई आफूतर्फ तान्ने भोटको क्षणिक राजनीतिमा लहसिनु । व्यवस्था विरोधीहरूले सङ्घीयता खर्चिलो भएको डङ्का पिटिरहेका बेला त्यसको लहैलहैमा लाग्नु पनि संविधान कार्यान्वयनको अर्को चुनौती हुन आइपुगेको छ ।

भ्रमभन्दा यथार्थ बिल्कुल पृथक छ । एकात्मक प्रणालीमा एउटा गाविसमा एक अध्यक्ष, एक उपाध्यक्ष, नौ जना वडाध्यक्ष र ३६ जना वडा सदस्य गरेर ४७ जना जनप्रतिनिधि हुन्थे । अहिले त्यही गाविस वडामा रूपान्तरण भएको छ, जहाँ एक वडाध्यक्ष र चार वडासदस्य गरी जम्मा पाँच जना जनप्रतिनिधि छन् । विगतमा अञ्चलाधीश, क्षेत्रीय प्रशासकलगायतका धेरै प्रशासनिक अधिकारीहरू पनि थिए । हिजो सबै निकायले सरकारको मान्यता नपाए पनि केन्द्रीय सरकार, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका र गाविस गरी छ वटा संरचना थिए । अहिले ती घटेर केन्द्र, प्रदेश र स्थानीय तह गरी तीनवटा मात्रै संरचना भएका छन् । यसरी एकात्मक राज्य प्रणालीमा भन्दा सङ्घीय प्रणालीमा रूपान्तरण भएपश्चात् देशमा एक लाख ५० हजार ७५२ जना जनप्रतिनिधि घटेका छन् । एकात्मक व्यवस्थामा स्थानीय निकायका जनप्रतिनिधिको तलव थिएन, सङ्घीयतामा पनि तलब सुविधा छैन । यद्यपि, केन्द्र, प्रदेश र स्थानीय तह आफैँमा सरकार भएका कारण प्रशासनिक क्षेत्रमा केही रकम खर्च हुने गरेको छ । सङ्घीयतापछि कर्मचारीको स॰्या पनि खास वृद्धि भएको छैन ।

हाम्रो संविधानका मुख्यतः तीन खम्बा छन्, सङ्घीय गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र । यी तीन खम्बामध्ये एउटामाथि प्रश्न उठ्दा बाँकी दुई खम्बाको पनि जग खल्बलिन्छ । सङ्घीय लोकतान्त्रिक व्यवस्थाको पक्षमा दृढतापूर्वक उभिएर मात्र प्राप्त उपलब्धिको रक्षा र सुदृढीकरणसहित संविधानको प्रगतिशील कार्यान्वयन सम्भव हुन जान्छ । तसर्थ, संविधान कार्यान्वयनका निम्ति संसद्मा प्रतिनिधित्व गर्ने सम्पूर्ण शक्तिहरू जिम्मेवार बन्नै पर्दछ, जसको बलमा व्यवस्थाको सुदृढ गर्न सकियोस् । (लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुनुहुन्छ)

# किन उपेक्षित छन् सहिद, बिदा दिँदा के जान्थ्यो ?



डा. बद्रीप्रकाश ओझा

सन् १७६३ को डिसेम्बर १७ मा अमेरिकामा प्रकाशित समाचारको अंश हो यो (फोटोमा दिइएको) । त्यतिबेला हामी बाइसी तथा चौबीसी राज्यमा विभाजित थियौँ । यस समाचारको अंशमा ती अमेरिकी छोराछोरीको प्रशंसा गरिएको छ, जसले देशको स्वतन्त्रताका लागि जीवन बलिदान गरे । यसरी जीवन बलिदान गर्नेमध्ये अमेरिकी स्वतन्त्रता सेनानी स्यामुअल अडाम्स एक हुन् । उनको अगुवाइमा सुरु भएको स्वतन्त्रताको लडाइँले सन् १७७६ को जुलाई ४ का दिन अमेरिकालाई बेलायती उपनिवेशबाट स्वतन्त्रता दिलायो । यसै कारण आज संयुक्त राज्य अमेरिकाका नामले उक्त मुलुक ५० वटा राज्यमा समाहित छ ।

स्वतन्त्रता सेनानीका सन्तानलाई मात्र होइन, आज पनि अमेरिकामा कुनै पनि सरकारी सुविधाका लागि आवेदन माग्दा भेटेरान अथवा सैनिक पृष्ठभूमिका मानिस वा निजका सन्तानलाई पहिलो प्राथमिकतामा राखिन्छ । अमेरिकी पूर्वविदेश मन्त्री कोलिन पावेल पनि चारतारे जर्नेल थिए ।

यता भारतमा सन् १८५७ मा भएको सिपाही विद्रोहलाई स्वतन्त्रताको पहिलो लडाइँका रूपमा लिइन्छ । मेरठबाट सुरु भएको उक्त विद्रोहमा बंगाल आर्मीका सिपाही मंगल पाण्डेयले बेलायती हाकिममाथि गोली प्रहार गरेर विद्रोह सुरु गरेका थिए । उनलाई तुरुन्तै गोली हानेर मारियो । यस आन्दोलनमा बंगाल आर्मीका ७४ मध्ये ४५ जना सहभागी थिए, धेरै सैनिक मारिए । यो विद्रोह दबाउन कम्पनी सरकारलाई दुई वर्ष लागेको थियो ।

आज पनि अमेरिकीहरू अडाम्सलाई सम्झन्छन् । हरेक जुलाई ४ मा उनको सम्झना गरिन्छ । राष्ट्रिय बिदा दिइन्छ । यता भारतमा पनि स्वतन्त्रता दिवसका दिन अनिवार्य रूपमा सिपाही विद्रोहका नायकहरूको स्मरण गरिन्छ ।

हाम्रो देशमा भने हामी सहिदलाई सम्झन कन्जुस्याइँ गर्दछौँ । राणाशासनविरुद्ध लडेका ती चार सहिदहरू हाम्रा लागि अडाम्स वा पाण्डेयभन्दा कम होइनन् । यी चार सहिदलाई आदर गर्दा त्यसपछि देशका लागि बलिदान गर्ने व्यक्तित्वलाई अनादर गरेको मानिन्छ र ? के पुगेन र सरकारलाई सहिद दिवसका बिदा दिन सकेन ? देशका लागि ज्यान बलिदान गर्नेलाई सरकारले नै 'अन्डरमाइन' गर्न मिल्छ ? पञ्चायतकाल तथा प्रजातन्त्रको पुनरबहालीपछि लगातार रूपमा सहिद सप्ताह मनाइन्थ्यो । माघ १६ मा बिदा दिइन्थ्यो । गणतन्त्र आएपछि पनि सहिद दिवसका दिन बिदा दिइथ्यो तर वर्तमान सरकारलाई किन राष्ट्रिय बिदा दिन मन परेन ? सरकारका उच्च अधिकारीहरू देशभर सहिदका गीत गाउन व्यस्त छन् । सहिद दिवसको बिदा कटाएर सरकार प्रमुखहरू पूजाअर्चना, फूलमाला अर्पण आदिमा रमाउँदा किन लज्जित बन्दैनन् ?

**चुके मधेसवादी पनि**

दुर्गानन्द झा जनकपुरका युवा थिए । त्यतिबेलाका कट्टर कांग्रेसी युवा । त्यतिबेलाको कांग्रेसले राजालाई आदर्शकै रूपमा लिन्थ्यो । भर्खरै नेपालमा कू भएको थियो । कू भएको १३ महिनापछि २०१८ माघ १ गते राजा महेन्द्र जनकपुरधाम भ्रमणमा गए । दुर्गानन्दले राजामाथि बम प्रहार गरे । राजालाई केही भएन, तर गाडीमा सामान्य क्षति पुग्यो । भर्खरै पञ्चायत आएका बेला महेन्द्रको जगजगी थियो । उनले मधेसी मूलकै न्यायाधीशमार्फत झालाई मृत्युदण्डको सजाय दिने फैसला गराए । पछि त्यसलाई सर्वोच्चबाट पनि अनुमोदन गराइयो । गाथगादी ताकेको दोष लगाएर मृत्युदण्डको सजाय तोकियो । झा मिथिला ब्राह्मण भएकाले बाहुनलाई हत्या गर्नुहुन्न भन्ने कानुनी व्यवस्था थियो । राणाकालमा लागू गरेको मुलुकी ऐनले बाहुनको हत्या गर्न नहुने व्यवस्था गरेको थियो । यही कानुनका कारण राणाविरोधी आन्दोलनमा लागेकामध्ये टंकप्रसाद आचार्यलाई आजीवन कारावासको सजाय दिइएको थियो । बाँकी चारजना क्षेत्रीय तथा नेवार जातिका भएकाले वि.सं. १९९७ मा मारियो ।

दुर्गानन्द झालाई अदालतले फाँसीकै फैसला सुनाए पनि ब्राह्मण मार्न नमिल्ने कानुनका कारण राजा महेन्द्रकै इच्छा अनुसार राजद्रोह वा गाथगादी ताक्ने जुनसुकै जातको प्रजा भए पनि मृत्युदण्ड दिन सकिने कानुनी व्यवस्था गरियो । अझ यहाँ सम्झिनुपर्ने विषय के हो भने अदालतले कानुनको अभावमै फैसला सुनाएको थियो । त्योभन्दा पनि चाखलाग्दो विषय, अदालतको सजायपछि त्यसलाई पुष्टि गर्ने कानुन बनाइयो । २०१९ फागुनमा मृत्युदण्डको सजाय सुनाइएका झालाई त्यसको ६ महिनापछि २०२० भदौमा मुलुकी ऐनमै संशोधन गरी गाथगादी ताक्ने जोसुकैलाई पनि मृत्युदण्डको सजाय दिन सकिने व्यवस्था थप गरियो, तर कानुनको व्यवस्थालाई हेर्ने हो भने कानुन बनेपछि लागु हुने हो, कानुन बन्नुअघि भविष्यमा बन्ने कानुनलाई कानुन मान्न सकिँदैन । झालाई सजाय तोकिसकेपछि मुलुकी ऐनलाई राजाले असोज ६ मा लालमोहर लगाएको प्रमाण भेटिन्छ । अदालतले फैसला गरेको करिब एक वर्षपछि २०२० माघ १५ गते झालाई केन्द्रीय कारागारबाहिरको रूखमा झुन्ड्याइयो । उनको शरीर परिवारजनलाई फिर्ता समेत गरिएन । झालाई माफी माग्न दबाब दिइएको बताइन्छ, तर उनी झुकेनन् ।



यसरी गणतन्त्रका लागि ज्यान बलिदान गरेका नेतालाई राज्यले लामो समयपछि मात्र सहिद घोषणा गऱ्यो । तिनै सहिद झाले सुरु गरेको आन्दोलनलाई आधार मानेर अघि बढेको मधेस आन्दोलनले आफ्नो प्रदेश नै स्थापना गर्न सफल भयो, तर जानाजान हो वा अन्जानमा हो मधेस सरकारले तिनै सहिदलाई नकारात्मक रूपमा प्रस्तुत गरेको छ । मधेस प्रदेश सरकारकै लगानीमा बनेको मधेस गानमा सहिद झालाई आतंकवादी का रूपमा प्रस्तुत गरियो ।

गान सार्वजनिक भएकै दिन प्रदेश मुख्यमन्त्रीका प्रेस सल्लाहकारले नै आपत्ति जनाए । 'मधेस गानप्रति मेरो आपत्ति छ है' मुख्यमन्त्री सरोज यादवका प्रेस सल्लाहकार सीताराम अग्रहरीले फेसबुकमा लेखेका थिए । उनले मधेसी समाज शान्तिप्रिय समाज रहेको र न्याय र समानताका लागि लड्दै आएको पनि उल्लेख गरेका थिए ।

खै किन हो, राष्ट्र यसरी संकुचित बन्दछ । समाज यसरी बेहाल बन्दछ, अनर्गल बन्दछ । हाल पदमा रहेका वा पद बाहिर रहेकाहरूले कानुन नै बनाएर देशको ढुकुटीमा मस्ती मारेका छन् । हरेकपटक आयोजना गरिने कार्यक्रमहरूमा विभाजित रूपमै भए पनि सहिदको सम्झना गरिन्छ । कोही वाम सहिद, कोही कांग्रेसी सहिद, मधेसवादी सहिद, पहिचानवादी सहिद तर खै त सम्मान प्रतातन्त्रका लागि ज्यान गुमाउने सहिदहरूलाई ? यतिका दिन छुट्टी दिइँदा राष्ट्रलाई क्षति नहुने तर यिनै सहिदको नाममा छुट्टी दिँदा देश अधो गतिमा लाग्ने नै हो त ?

# 'आवश्यक कानून बन्न नसक्दा सङ्घीयता कार्यान्वयनमा चुनौती'

काठमाण्डु । नेकपा (एमाले) का तर्फबाट राष्ट्रियसभा सदस्य सुमित्रा विसी संविधान जारी भएको लामो समय हुँदा पनि आवश्यक कानुन बन्न नसक्दा सङ्घीयता कार्यान्वयनमा चुनौती थपिएको बताउनुहुन्छ ।

अखिल नेपाल महिला सङ्घकी उपाध्यक्षसमेत रहनुभएकी विसी कतिपय कानुन राजनीतिक दलबीच सहमति र समन्वय अभावका कारण पनि बन्न नसकेको तर्क गर्नुहुन्छ । "मुलुकको नेतृत्व गर्नेका लागि जनताको आधारभूत विषय मुख्य हुन् तर कानून नबन्दा आधारभूत अधिकार प्राप्तिका लागि पनि समस्या भएको छ", उहाँले भन्नुभयो, "प्रदेशहरुले सङ्घीयताको पूर्णरुपमा अभ्यास गर्न पाएका छैनन् ।"



सांसदहरुको प्रमुख भूमिका विधायिकाको हो । त्यसपछि विकास निर्माणमा पनि चासो दिनुपर्छ । सांसदलाई निर्वाचन क्षेत्रमा विकास नगर्ने हो भने चुनाव हारिन्छ भन्ने लागेको हुनसक्ने उहाँको बुझाइ छ । "सांसदहरु पनि कानून बनाउने भन्दा बढी विकास निर्माणका साना काममा अल्झिएको हो कि भन्ने देखिन्छ", उहँले भन्नुभयो, "मतदातामा पनि सांसदहरुले यही आउनुपर्छ र विकास निर्माणमा प्रत्यक्ष सहभागी हुनुपर्छ भन्ने सोच बढी हावी छ ।"

यद्यपि जनताले विकास निर्माणका काममा आफ्ना जनप्रतिनिधिको मुख ताक्नु स्वभाविक भएको उहाँको भनाइ छ । "जनताका माग त्यति धेरै र ठूला छैनन, रोजगारी, शिक्षा, स्वास्थ्य नै हुन्", उहाँले भन्नुभयो, "सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी, सडकका क्षेत्रमा गुणस्तरीय सेवा उपलब्ध गराउन पनि सक्नुपर्छ ।"

दैनिक हजारौँ नेपाली रोजगारी र अध्ययनका नाममा विदेशिएकोप्रति चिन्ता व्यक्त गर्दै नेत्री विसीले उनीहरुलाई नेपालमै रोक्नका लागि ठोस नीति लिनुपर्ने बताउनुहुन्छ । "गाउँका खेतबारी बाँझै राखेर विदेश जानु बाध्यता पनि छ", उहाँले भन्नुभयो, "समयमै किसानलाई मल बीउ दिन सकिएको छैन । निःशुल्क भनिएका औषधि पनि किन्नुपर्ने अवस्था छ ।"

राष्ट्रियसभा सदस्यका रुपमा चार वर्ष काम गरिसक्दा पनि आफ्नो भूमिकामा विसी सन्तुष्ट हुनुहुन्छ । राष्ट्रियसभालाई स्थायीसभा भनिए पनि त्योअनुसार काम हुन नसकेको उहाँको अनुभव छ। "राष्ट्रियसभालाई स्थायी सदन भनिएको छ तर प्रतिनिधिसभासँगै आह्वान प्रारम्भ हुने र सँगै बन्द हुनु राम्रो होइन", उहाँले भन्नुभयो, "राष्ट्रियसभाले आफू अनुकूल काम गर्न पाउँदैन भने सदन कसरी स्थायी भयो ?", उहाँले प्रश्न गर्नुभयो ।

विसी राष्ट्रियसभाको प्रयात्योजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा रही काम गरिरहनुभएको छ । "समितिमा मन्त्री र जिम्मेवार कर्मचारीलाई बोलाएर छलफल गरिन्छ, तर उहाँहरुले काम हुन्छ र हुँदैछ भनेर आश्वासन मात्रै दिनुहुन्छ", उहाँले समितिको अनुभव सुनाउँदै भन्नुभयो, "नीति एउटा, कार्यक्रम अर्को भइरहेको हो कि भन्ने लाग्छ ।"

उहाँ राष्ट्रिय गौरवका आयोजना नै राम्ररी अघि बढ्न नसक्नु राम्रो नभएको बताउनुहुनछ । "विद्युत प्रसारण लाइन निर्माणका लागि वनले रोक्ने, विकास निर्माणका काममा अदालतले रोक्ने, एउटा मन्त्रालय र अर्को मन्त्रालयलबीच समन्वय नहुनु नीतिगत कमजोरी हो", उहाँले भन्नुभयो ।

सुर्खेत खानीखोला वडा नं २ चोल्पामा २०१७ पुस २७ गते जन्मनुभएकी सांसद विसी २०२८ सालदेखि पञ्चायतविरुद्ध पर्चा तथा पम्प्लेट वितरणको काम गर्दै बालक सङ्गठनमा सङ्गठित हुनु भएको हो । उहाँ विसं २०३५ मा नेकपा (माले) गाउँ सङ्गठन कमिटीमा आबद्ध भएर काम गर्नुभयो । विसं २०३६ देखि विद्यार्थी आन्दोलनमा लाग्नुभइ उहाँले २०३९ सालमा पार्टीको सङ्गठित सदस्यता प्राप्त गर्नुभएको हो ।

उहाँले २०३९ सालदेखि २०४२ सम्म बाँकेको पश्चिम र बर्दियाको पूर्वी क्षेत्रको इलाका नेकपा (माले) सङ्गठन कमिटीको सचिव भएर काम गर्नुभयो । विसं २०४२ देखि २०४३ सम्म सुर्खेतमा नेकपा मालेको नगर कमिटी सदस्य भएर काम गरेको उहाँमा अनुभव छ । विसं २०४९ नेकपा माले पार्टीको पाँचौं महाधिवेशन प्रतिनिधि, विसं २०५४ को छैटौं महाधिवेशन प्रतिनिधि, २०५९ को सातौं महाधिवेशन प्रतिनिधि, विसं २०६५ को आठौं महाधिवेशन प्रतिनिधि हुनुभएको थियो ।

विसं २०५४ मा पार्टी विभाजनपछि नेकपा मालेको राष्ट्रिय परिषद् सदस्य हुनुभयो । विसं २०६२/०६३ को जनआन्दोलनमा पटकपटक गिरफ्तार हुनु भएकी सुमित्राले विसं २०७१ को महाधिवेशनको केन्द्रीय सदस्य उम्मेदवार भई थोरै मतले पराजित हुनुभयो । विसं २०५४ मा विरेन्द्रनगर नगरपालिकाको बोर्ड सल्लाहकार रहनुभएको थियो । विसं २०७३ मा नेकपा (एमाले) पार्टी स्कुल विभागले सञ्चालन गरेको प्रशिक्षक प्रशिक्षण परीक्षामा सफलता प्राप्त गर्नुभएको थियो ।

सांसद विसीले शिक्षण पेसा गर्नुभएको थियो । राष्ट्रिय वाणिज्य बैंकको कर्मचारी भएर काम गर्दा परीक्षणकालको समयमा राजनीतिक चार्ज लगाएर निकालिएको थियो । मुलुकमा प्रजातन्त्रको स्थापना भएपछि जागिर पुनःस्थापना भयो । सांसद विसी समाजसेवा र राजनीतिमा सक्रियरूपमा काम गर्नुभयो । अहिले अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ)को उपाध्यक्ष हुनुहुन्छ ।रासस

# प्रहरी समायोजनका लागि अगुवाइ गर्दै प्रदेश सरकार

**टुडे समाचारदाता**

काठमाण्डु । बागमती प्रदेशले सङ्घीय शासन प्रणालीको कार्यान्वयनका क्रममा अलममा रहेका प्रदेश प्रहरी समायोजनलगायतका मुद्दामा केन्द्र सरकारसँग दबाब र समन्वय बढाउन अगुवाइ लिएको छ ।

जनताको बलिदानी सङ्घर्षबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन प्रणालीसहितको नेपालको संविधानको कार्यान्वयनका क्रममा दुईपटकका आवधिक निर्वाचन सम्पन्न भए पनि हालसम्म सङ्घीयताअनुकूलका सबै कानुन र संरचनाले पूर्णता पाउन सकेका छैनन् । मुलुकको केन्द्रीय राजधानी काठमाडौँसमेत रहेको बागमती प्रदेश सरकारले अन्य प्रदेश सरकारलाई पनि संयोजन गर्दै पछिल्ला समयमा सङ्घीय सरकारसँग दबाब र समन्वयलाई बढाएको छ ।

बागमती प्रदेश सरकारले प्रहरीको प्रदेशमा समायोजनाका विषयमा गत मङ्सिर १२ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ध्यानाकर्षणपत्र दिएको थियो भने गत पुस १३ गते प्रदेशको राजधानी हेटौँडामा सातै प्रदेशका मुख्यमन्त्रीको बैठकको समन्वयन गरेको थियो ।

यसअघि गत कात्तिक २३ गते मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवसहितले प्रधानमन्त्री दाहाललाई सिंहदरबारमा भेटेर प्रदेश प्रहरी समायोजनसहित विभिन्न छ विषयमा कानुनी र नीतिगत हस्तान्तरणका लागि ध्यानाकर्षण दिएका थिए । ती ध्यानाकर्षणको सुनुवाइ गर्दै प्रधानमन्त्री दाहालले यही माघ २ गते गृह मन्त्रालयलाई १५ दिनभित्र प्रदेश प्रहरी समायोजनका लागि प्रक्रिया आरम्भ गर्न निर्देशन दिएका थिए ।

बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले प्रधानमन्त्री दाहालसँग उक्त विषयमा बुधबार मात्रै आफ्नो कुराकानी भएको र केही दिनभित्र प्रदेश समन्वय परिषद्को बैठकमार्फत प्रदेश प्रहरी हस्तान्तरणले मूर्तरूप लिने विश्वास दिएको बताए ।




काठमाडौँमा पत्रकारसँग विहिबार कुरा गर्दै प्रदेशमन्त्री श्रेष्ठले 'नेपाल प्रहरी ऐन, २०१२' कार्यान्वयनमा रहेको स्थितिमा संविधान जारीपछि 'प्रहरी कर्मचारी समायोजन ऐन, २०७६' र 'कार्यसञ्चालन तथा सुपरीवेक्षण ऐन, २०७६' जारी भएपछि कार्यविधिसमेत बनिसकेको अवस्थामा समायोजनमा ढिलाइले प्रदेशका काम प्रभावकारी हुन नसकेकामा अब गाँठो फुक्ने विश्वास व्यक्त गरे ।

'प्रहरी कर्मचारी समायोजन ऐन, २०७६' को दफा ३ मा नेपाल प्रहरी तथा प्रदेश प्रहरीको सङ्गठन तथा दरबन्दी संरचना कायम गर्न गृह मन्त्रालयका सचिवका संयोजकत्वमा नेपाल प्रहरीका महानिरीक्षक, अर्थ र कानुन मन्त्रालयका सहसचिव र प्रदेशको सम्बन्धित मन्त्रालयका सचिवसमेत रहेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको व्यवस्था गरिएको छ ।

कार्यविधिमा प्रदेश प्रहरीले अनुसन्धान गर्न पाउने र नपाउने मुद्दाको वर्गीकरणसमेत गरिएको छ । सोअनुसार प्रदेश प्रहरीले राज्यविरुद्धको कसुर, अध्यागमन, सङ्गठित अपराध, नागरिकता-राहदानीसम्बन्धी, आतङ्कवाद, मानव बेचबिखन तथा ओसारपसार, साइबर अपराधसम्बन्धीका मुद्दा हेर्नेछ । यसबाहेकका सीमापारि भएको जघन्य अपराध, दुईभन्दा बढी प्रदेशसँग जोडिएका आपराधिक गतिविधि, नेपाल बाहिर नेपाललाई हानी गर्नेगरी भएका अपराध सङ्घीय प्रहरीले हेर्नेछ । उक्त प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलका अध्यक्षतामा गत पुस ३ गतेको बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमबमोजिम बागमती प्रदेश प्रहरी कार्यालय मातहत निर्माणधीन २४ भवन निर्माणका लागि रु २६ करोड ५५ लाख २९ हजार एक सय सम्बन्धित प्रहरी कार्यालयबाट खर्च गर्न अख्तियारी दिने निर्णय गरिसकेको छ ।

प्रदेश सरकारहरूले प्रदेश प्रहरी समायोजन सम्बन्ध, सङ्घीय निजामती सेवा ऐन, सार्वजनिक जग्गाको प्रयोग, गुठी जग्गाको सम्बन्धमा, अर्थसम्बन्धी समस्या र अभियोजन सम्बन्धमा आधारित भई केन्द्र सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छन् ।

"सङ्घीयताको कार्यान्वयन चुनौतीपूर्ण हुँदा जनस्तरमा यसका पक्ष-विपक्षमा मतअभिमत व्यक्त भइरहेका छन्, हामी संविधानतः एक कदम अगाडि बढिसकेका छौँ, अब पछाडि फर्कने खालको बहसको औचित्य छैन, अब संविधानमा तोकिएका तीन तहका सरकारका अधिकारको क्षेत्रमा रहेर विकास र समृद्धिको साझा कार्यसूची बनाउन लाग्नुपर्छ, प्रदेशले माग्ने र केन्द्रले दिने खालको भाष्य बन्द गर्नुपर्छ, हामी सबै संविधानबमोजिम चलेर सङ्घीयताप्रति जनता र युवा पुस्ताको भरोसा बढाउनुपर्छ", बागमती प्रदेश सरकारका प्रवक्ता श्रेष्ठले भने, "आन्दोलनका समयमा जनतामा हामीले बाँडेका सपना पूरा गर्न जनताकेन्द्रित भएर गुणात्मक र वस्तुगत कामतर्फ ध्यान दिन सक्नुपर्छ ।" प्रदेश सरकारका सचिव र स्थानीय तहका प्रशासकीय अधिकृतहरू केन्द्रबाट खटिने हुँदा कुनै अप्ठ्यारो परेमा केन्द्रमै फर्कने खालको स्थितिको अन्त्यका लागि सङ्घीय निजामती ऐन ल्याउन ढिलो हुन नहुनेमा जोड दिँदै मन्त्री श्रेष्ठले संविधानले स्थानीय तहका २२ र प्रदेश सरकार २१ एकल अधिकार दिइएकाले त्यसको प्रभावकारी कार्यान्वयनमा केन्द्र सरकारले सहजीकरण गर्नुको विकल्प नभएको स्पष्ट गरे । उनले केन्द्र सरकारले संविधानले दिएको अधिकार क्षेत्रमा पर्ने काठमाडौँ उपत्यकाको यातायात व्यवस्थपनका विषयमा प्राधिकरण गठन गरेर नियुक्ति गरेका विषयमा सर्वोच्च अदालतमा मुद्दासमेत हाल्नुपरेको सुनाए ।

"सङ्घीयतामा केन्द्र सरकारले शासन गर्ने होइन, समन्वय गर्ने हो, शासन त प्रदेश र स्थानीय सरकारले गर्ने होइन र ?", मन्त्री श्रेष्ठको प्रश्न छ, "राज्यको ७६ प्रतिशत बजेट केन्द्रमा राखेर कहीँ सङ्घीयता सफल हुन्छ ?" मन्त्री श्रेष्ठका अनुसार ढुङ्गा, गिट्टी र बालुवाको व्यवस्थानमा केन्द्र तथा प्रदेशबीच विवाद हुँदा करोडौँ राजस्व गुमेको छ ।

**प्रदेश सरकारद्वारा १३ वटै जिल्लामा एकीकृत सेवा कार्यालय**

यसैबीच बागमती प्रदेश सरकारले जनस्तरमा आफ्नो आवश्यकता र औचित्य पुष्टि गर्दै मातहतका १३ वटै जिल्लामा एकीकृत सेवा कार्यालय खोल्ने तयारी गरेको छ । मन्त्री श्रेष्ठले हाल कतिपय जिल्लामा रहेका विभिन्न क्षेत्रका कार्यालयसमेतलाई समावेश गरेर एकीकृत सेवा कार्यालय सञ्चालनमा ल्याउने जानकारी दिए ।

उनले बिएससी नर्सिङ शिक्षा सञ्चालन गर्न प्रदेश सरकारले बाटो खुला गरेको र समुदायमा आधारित वडा कृषि उत्पादन (पकेट क्षेत्र), एक विद्यालय : एक नर्स र सिँचाइ विस्तारजस्ता कार्यक्रम अघि बढाएको जानकारी दिए । प्रदेश सरकारको सञ्चार रजिष्ट्रार कार्यालयका काम पनि प्रभावकारी भएको मन्त्री श्रेष्ठको भनाइ थियो ।

# बौद्धिक पलायनको भयावह परिस्थिति रोक्नुपर्ने प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बौद्धिक पलायनको भयावह परिस्थिति रोक्नुपर्ने बताएका छन् । राजर्षिजनक विश्वविद्यालयको सातौँ सभालाई विहिबार सम्बोधन गर्दै उहाँले विद्यार्थीको बौद्धिक पोषणका निम्ति तपाईंहरूको साधना, क्षमताको पूर्ण परिचालन एवं रचनात्मक तत्परताबाट पलायन रोक्न सकिन्छ भने।

राजर्षिजनक विश्वविद्यालयबाट बाहिर निस्कने प्रत्येक स्नातकमा शिक्षाको वर्तमान तस्वीर र भविष्य अन्तर्निहित हुने उल्लेख गर्दै प्रधानमन्त्रीले शिक्षा पद्धतिलाई योगानुकूल परिस्करण गर्दै लैजानुपर्नेमा जोड दिए। राष्ट्रको नेतृत्व गर्न योग्य जनशक्तिको उत्पादन आजको प्रमुख कार्यभार भएको उल्लेख गर्दै उनले शिक्षामा गुणात्मक सुधार ल्याउनुपर्ने बताए ।




प्रधानमन्त्रीले विश्वव्यापीकरणको सबैभन्दा ठूलो प्रभाव शिक्षा क्षेत्रमा परिरहेको वर्तमान परिप्रेक्ष्यमा विश्वविद्यालयको नीति, पाठ्यक्रम, शिक्षा विधि, कार्यशैलीमा गुणात्मक सुधार गर्नुपर्ने अवस्था आएको बताए । उनले भने, "नवप्रवर्तनमा आधारित प्रतिस्पर्धी शिक्षामा जोड दिनुपर्छ मेरो अपेक्षा त्यही छ ।"विश्वविद्यालय स्थापनाको छोटो अवधिमा प्राविधिक विषयका चिकित्सा शिक्षा, व्यवस्थापन र कम्प्युटर प्रविधि विषयमा स्नातक र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालन गरेकामा आभार प्रकट गर्दै अपेक्षित सफलताका निम्ति क्रियाशील हुन प्रधानमन्त्रीले सुझाव दिए ।

विश्वविद्यालयको जग्गा र भवन पूर्वाधारको अभावमा झेल्नुपरेका कठिनाइ अर्थतन्त्रमा आउने सुधारसँगै क्रमशः सम्बोधन गरिने विश्वास पनि दिलाउँदै प्रधानमन्त्रीले विश्वविद्यालयका अन्य प्राज्ञिक कार्यक्रम व्यवस्थित तुल्याउन सरकारकोतर्फबाट गर्नुपर्ने नीतिगत र व्यवस्थापकीय सहयोगमा सहयोग गर्ने उहाँको सचिवालयले जनाएको छ ।

**मधेश प्रदेश ज्ञान विज्ञानको केन्द्र**

यसैगरी सम्बोधनमा प्रधानमन्त्री दाहालले मधेस प्रदेशलाई ज्ञान विज्ञानको केन्द्र भएको पनि बताए। प्रधानमन्त्री दाहालले राजा जनकले ज्ञानी ऋषिमुनीहरूसँग शास्त्रार्थ गरेर ज्ञानको सर्वोच्चता सिद्ध गरेको उल्लेख गरे । प्रधानमन्त्री दाहालले भने, "सङ्घीय संरचनाअन्तर्गत मधेस प्रदेशमा रहेको सम्पूर्ण मधेस प्रदेशलाई पुनःज्ञान विज्ञानको केन्द्रका रूपमा विकास गर्ने सरकारको नीति छ ।" ज्ञानको दीप प्रज्वलित गर्ने उद्देश्यले राजर्षिजनकका नाममा विश्वविद्यालय खोलिनु प्राचीन सभ्यता, संस्कृति र सांस्कृतिक धरोहरप्रतिको अगाध आस्था भएको प्रधानमन्त्रीले उल्लेख गरे ।

विश्वविद्यालयको आवश्यकता र औचित्य बोध गर्दै नीतिगत र प्राज्ञिक मार्गदर्शन गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले भने, "वर्तमान नेतृत्वले विश्वविद्यालयको गरिमा र प्राज्ञिक छवि निर्माणका निम्ति अनवरत पहल लिएको छ । यहाँहरूको अथक प्रयास, अटल प्रतिबद्धता, प्राज्ञिक कर्मका निम्ति आभार व्यक्त गर्दछु ।"

# सीएलाई प्रवेश गराउन सकारात्मक छु : अर्थमन्त्री

**टुडे समाचारदाता**



काठमाण्डुअर्थमन्त्री डा प्रकाशशरण महतले कर प्रशासनमा चार्टर्ड एकाउण्टेन्स (सीए)लाई प्रवेश गराउनसकारात्मकरहेको बताएका छन् ।

नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाको २७औँ वार्षिकोत्सव एवं छैटौं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै कर प्रशासनमा चार्टर्ड एकाउण्टेन्सलाई प्रवेश गराउन सकारात्मक रहेको बताएका हुन् ।

"चार्टर्ड एकाउण्टेन्सले पेसागत कर्तव्यपालना गर्ने सिलसिलामा आउने लोभ, लालसा अथवा डर, धम्कीबाट नहिच्किचाइ आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक वहन गर्ने हो भने सुशासन सुनिश्चित छ", उनले भने, उनले आफ्नो प्रतिज्ञा सम्झिएपछि धेरै कुरा समाधान हुने पनि बताए । "लेखा र चार्टर्ड ठीक हुनेबित्तिकै धेरै कुरा ठीक ठाउँमा आउँछन । बेरुजुको वर्गीकरण गरेर कुन गम्भीर खालको हो, कुन प्राविधिक समस्याका कारण हो भन्ने आधारमा प्राथमिकता दिनुपर्ने आवश्यकता छ। हाम्रो कर प्रशासनमा चार्टर्ड एकाउण्टेनलाई प्रवेश गराउनुपर्छ ।"

उनले सार्वजनिकदेखि निजी क्षेत्रमा समेत सुशासन सुनिश्चित हुने बताउँदै बेरुजुको वर्गीकरण गरेर गम्भीर प्रकृतिका समस्यालाई प्राथमिकताका आधारमा समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।


## Amendment to the Bids

**Sukhipur Municipality**

**Office of Municipal Executive**

**Sukhipur, Siraha**

**Madhesh Provience, Nepal**

**Date of Fist Amendendment : 2080/10/19**

1. The following amendment are made on the notice published on 2080/10/17 in the Janakpur today regarding as follows:

| Contract no./ID | Description of Works | Bid Security Amount (Nrs.) | Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature | Total Estimated Amount (Without VAT And Contengency) Nrs. | Bid Document Fee (Nrs.) | Bidding Procedure |
|---|---|---|---|---|---|---|---|
| SM/W/01/ 2080/081 | Construction of 15 Bed Hospital Building, Sukhipur Municipality-8, Siraha. | 6,000,000/- | 155,000,000/- | 123,000,000.00 | - | 10,000/- | Single Stage Two Envelope |
| SM/W/02/ 2080/081 | Construction of Healthpost Building, Sukhipur Municipality-2,3,5,7,9And 10, Siraha | 2,500,000/- | 43,200,000/- | 52,000,000.00 | - | 5,000/- | Single Stage Two Envelope |
| SM/W/03/ 2080/081 | Khanepani Hand Pipe Jadan, Sukhipur Municipality, Siraha. | 350,000/- | - | - | 12,979,025.61 | 3,000/- | Single Stage One Envelope |
| SM/W/04/ 2080/081 | Khanepani Hand Pipe Jadan ( Dalit tatha Bipanna), Sukhipur Municipality, Siraha. | 350,000/- | - | - | 12,932,376.27 | 3,000/- | Single Stage One Envelope |

2. The details of the amendment in bid documents are in Addendum Section of eGP Portal at https:// bolpatra.gov.np/egp/.

# पाकिस्तानका पूर्वप्रधानमन्त्री खानको घरलाई 'उप कारागार' घोषणा

**एएफपी**

इस्लामाबाद । भ्रष्टाचारको आरोपमा बुधबार आफ्ना श्रीमान्सँगै १४ वर्षको कारागार पर्नुभएकी पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानकी श्रीमती अधिकारीहरूले आफ्नो निवासलाई आधिकारिकरूपमा 'उप कारागार' घोषणा गरेपछि घरमै सजाय काटिरहनुभएको छ।

मुस्लिम आस्था चिकित्सक बुशरा बिबीले आफ्ना श्रीमान् प्रधानमन्त्री हुँदा प्राप्त विदेशी उपहारहरूको बिक्रीसँग सम्बन्धित मुद्दामा सजाय सुनाइएपछि तुरुन्तै बुधबार स्वयंलाई अधिकारीहरूसामु सुम्पिनुभएको थियो।

मुलुकका गोपनीय कुराहरू चुहाएको दोषी पाइएको मुद्दामा मङ्गलबार १० वर्षको कारागार सजाय पाउनुभएका पूर्वप्रधानमन्त्री खान अहिले पनि मुद्दा चलाइएको रावलपिन्डको अडियाला कारागारमा हुनुहुन्छ। पूर्वअन्तर्राष्ट्रिय क्रिकेटर तथा उहाँको कानूनी टिमले सेनाको नेतृत्वमा स्थापित संस्थाले उहाँलाई आगामी साताको निर्वाचनमा सत्तामा फर्किनबाट रोक्नका लागि सजाय र असङ्ख्य अन्य आरोप लगाएको बताएका छन्।

उहाँकी श्रीमती बिबीलाई अडियाला कारागारबाट इस्लामाबादको बाहिरी क्षेत्रमा



रहेको उहाँको घरमा स्थानान्तरण गरिएको बुधबार राति सरकारले बताएको छ। "मुख्य आयुक्त, इस्लामाबाद क्यापिटल टेरिटोरीका दोषी श्रीमती बुशरा बिबीको निवासलाई सन् २०२४ जनवरी ३१ देखि अर्को आदेश नभएसम्मका लागि उप-कारागारका रूपमा घोषणा गर्न पाउँदा खुशी हुनुहुन्छ", आदेशमा भनिएको छ। अग्लो कङ्क्रिटको पर्खालले घेरिएको ठूलो परिसरमा रहेको खानको घर राजधानीको आलिशान बानी गाला क्षेत्रमा छ।

पहिला नै धाँधलीको आरोप लागिसकेको पाकिस्तानमा फेब्रुअरी ७ मा मतदान हुँदैछ। निर्वाचनमा खानलाई निर्वाचनमा उम्मेदवारी दिन रोक लगाइएको छ र उहाँको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) माथि ठूलो कारवाही गरिएको छ। गत वर्ष खानको पहिलो गिरफ्तारीपछि दङ्गा भड्किएपछि हजारौं समर्थकलाई हिरासतमा लिइएको थियो र तीमध्ये करिब एक सय जनाले गुप्त सैन्य अदालतमा मुद्दाको प्रतीक्षा गरिरहेका थिए।बिबीले खानसँग सन् २०१८ मा विवाह गर्नुभएको हो। खान प्रधानमन्त्रीमा निर्वाचित हुनुभन्दा केही महिना पहिला दुवैले मुलुकलाई बदनाम र हैरान बनाउनुभएको थियो।

अक्सफोर्डबाट शिक्षित खानले आफ्नो क्रिकेट खेल्ने दिनहरूमा प्लेब्वाइका रूपमा ख्याति कमाउनुभएको थियो। प्राय समाजका सुन्दरी र मोडेलहरूसँग उहाँको फोटो खिचिन्थ्यो। ब्रिटिश करोडपतिकी छोरी जेमिमा गोल्डस्मिथसँग उहाँको पहिलो विवाह सम्बन्धविच्छेदमा टुङ्गिएको छ। त्यसपछि उहाँले टेलिभिजन पत्रकार रेहम नैय्यरसँग विवाह गर्नुभयो। एक वर्षभित्र सम्बन्धविच्छेद भएपछि नैय्यरले 'किस-एन्ड-टेल' संस्मरण प्रकाशित गर्नुभएको थियो। तेस्री श्रीमती बिबी सार्वजनिकरूपमा कमै देखिनुहन्छ र बाहिर निस्कँदा अनुहार ढाक्ने हिजाब लगाउनुहुन्छ।

# खेलकुद क्षेत्रको विकासमा सबैले ध्यान दिनुपर्ने

**टुडे समाचारदाता**

पाटन। उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले खेलकुद क्षेत्रको विकासमा सबैले ध्यान दिनुपर्ने बताएका छन्।



नेपाल कराँते महासङ्घ जिल्ला प्रमुख डोजो ललितपुरद्वारा विहिबार सातदोबाटोमा आयोजित तेस्रो कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराँते प्रतियोगिताको उद्घघाटन समारोहमा उपप्रधानमन्त्री खड्काले तीन तहका सरकार मिलेर मुलुकको खेलकुदलाई प्रोत्साहित गर्नुपर्ने बताए। उनले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गरेर स्वर्ण पदक ल्याउने प्रतिभाशाली खेलाडी उत्पादन गर्नका लागि खेलकुद क्षेत्रको विकास गर्नुपर्नेमा जोड दिए।

"अन्तर्राष्ट्रियस्तरमा स्वर्णपदक हासिल गर्ने प्रतिभाशाली खेलाडी उत्पादन गर्नका लागि खेलाडीलाई खेलप्रति उत्साहित बनाउँदै प्रोत्साहन गर्नुपर्छ। खेलाडीलाई प्रोत्साहन गर्न, उनीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सक्षम बनाउन आगामी बजेट निर्माणका क्रममा खेलाडीको सेवासुविधामा ध्यान दिनेछौं", उपप्रधानमन्त्री खड्काले भने। उनले मुलुक र जनताप्रति समर्पित भएर सबैलाई मार्गनिर्देश गर्नुहुने सादगी राजनेता कृष्णप्रसाद भट्टराईको नाममा प्रतियोगिता सञ्चालन गरेकामा आयोजकलाई हार्दिक धन्यवाद व्यक्त गरे।

उपप्रधानमन्त्री खड्काले २०५५/५६ मा खेलकदमन्त्री हुँदा रोकिएर रहेका पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गराएर खेलकुदका कार्यक्रमलाई नियमित गराएको स्मरण गरे। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य मदनबहादुर अमात्यले खेलकुदले मानिसलाई स्वस्थ जीवन यापन गर्न सिकाउने बताए। उनले नैतिकता, मूल्यमान्यता र आदर्शलाई अनुशरण गर्न सिकाउने व्यक्तित्वको नाममा प्रतियोगिता गरेकामा धन्यवाद व्यक्त गर्दै सफलताको शुभकामना व्यक्त गरे। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य उदयशमशेर राणाले यस्ता प्रतियोगिताले खेलाडीको स्तरवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राखे।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बाँनियाले राजनीतिमा धैर्यता तथा खेलकुदमा गतिशीलता र अनुशासन आवश्यक हुने भन्दै खेलाडीलाई अनुशासित भए निरन्तर खेल प्रदर्शन गर्न आग्रह गरे। नेपाली कांग्रेस ललितपुरका सभापति जितेन्द्रकुमार श्रेष्ठले यस्ता प्रतियोगिता सञ्चालन गर्दा खेलकुद जगतबाट कृष्णप्रसाद भट्टराईको योगदानलाई चीरस्मरणीय बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राखे।

# रोहिङ्ग्या शरणार्थीको अर्को डुङ्गा इन्डोनेसियामा अवतरण

**एएफपी**

बन्दा आचेह। एक सयभन्दा बढी रोहिङ्ग्या शरणार्थी बोकेको एउटा डुङ्गा बिहीबार इन्डोनेसियाको सबैभन्दा पश्चिमी प्रान्तमा अवतरण भएको संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले बताएका छन्। यो सन् २०१५ पछि मुस्लिम बहुल मुलुक इन्डोनेसियामा सबैभन्दा बढी आगमनको हिस्सा हो।

अधिकांश मुस्लिम रोहिङ्ग्याले म्यान्मामा ठूलो उत्पीडनको सामना गर्नुपरेको छ र प्रत्येक वर्ष हजारौं मानिस मलेसिया वा इन्डोनेसियासम्म पुग्ने प्रयासमा प्राय कमजोर डुङ्गामा आफ्नो ज्यान जोखिममा राखेर लामो र महँगो सामुद्रिक यात्रा गर्छन्।

राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका सुरक्षा सहयोगी फैसल रहमानले बिहीबार बिहान पूर्वी आचेहमा कुआला पारेक गाउँको किनारमा डुङ्गा अवतरण भएको पुष्टि गर्नुभयो। उहाँले शरणार्थीहरूको यकिन सङ्ख्या 'अझै पुष्टि हुन बाँकी रहेको' तर स्थानीय अधिकारीहरूले एक सय ३७ शरणार्थी आएको अनुमान गरेको बताउनुभयो। राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका अनुसार नोभेम्बरको मध्यदेखि जनवरीको अन्त्यसम्म अधिकांश महिला तथा बालबालिकासहित एक हजार सात सय ५२ शरणार्थी इन्डोनेसियाको आचेह र उत्तरी सुमात्रा प्रान्तमा पुगेका छन्।

अति रूढिवादी इन्डोनेसियाली क्षेत्रहरूमा अल्पसङ्ख्यक समूहप्रतिको भावनामा परिवर्तनका कारण केही डुङ्गालाई समुद्रमा फिर्ता पठाइएको छ। आफैंमा दशकौंको रक्तपातपूर्ण द्वन्द्वको सम्झनामा रहेका धेरै आचेनीहरू आफ्ना मुसलमान साथीहरूको दुर्दशाप्रति सहानुभूति राख्छन्।यद्यपि अरुले भने आफूहरूको धैर्यको परीक्षा भइसकेको बताएका छन्। रोहिङ्ग्याहरूले दुर्लभ स्रोतहरूको उपभोग गर्ने र कहिलेकाहीं स्थानीय बासिन्दाहरूसँग झगडा गर्ने उनीहरूले दावी गरेका छन्। डिसेम्बरमा आचेह विश्वविद्यालयमा सयौं विद्यार्थीले एक सयभन्दा बढी रोहिङ्ग्या शरणार्थीका लागि अस्थायी आश्रयस्थलमा आक्रमण गरी उनीहरूलाई स्थानान्तरण गर्न बाध्य पारेका थिए।

इन्डोनेसिया संयुक्त राष्ट्रसङ्घीय शरणार्थी महासन्धिको हस्ताक्षरकर्ता होइन र उसले आफूलाई म्यान्माबाट शरणार्थीहरू लिनका लागि बाध्य बनाउन नसकिने बताएको छ। राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका अनुसार तीन हजार पाँच सयभन्दा धेरै रोहिङ्ग्याले सन् २०२२ मा दक्षिणपूर्वी एसियाली मुलुकहरूमा जोखिमपूर्ण यात्राको प्रयास गरेको विश्वास गरिन्छ। खतरनाक सामुद्रिक यात्रा पार गर्ने प्रयास गर्दा सो वर्षको प्रारम्भदेखि करिब एक हजार रोहिङ्ग्या मारिएको वा बेपत्ता भएको अनुमान गरिएको छ।

# तनाव कम गर्न आवाश्यक कदम चाल्न आह्वान

**सिन्ह्वा**

संयुक्तराष्ट्र। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुधबार गाजालगायत छिमेकी क्षेत्रमा तनाव कम गर्न तत्काल कदम चाल्न आग्रह गर्नुभएको छ।

असहज परिस्थितिलाई समयमै नियन्त्रण गरी यस क्षेत्रलाई थप हिंसाबाट बचाउन तत्काल कदम चाल्न महासचिव गुटेरेसले आह्वान गर्नु भएको हो। संयुक्त राष्ट्रसङ्घका शिर्ष अधिकारीले प्यालेस्टिनी जनताको अपरिहार्य अधिकारको अभ्याससम्बन्धि समितिको बैठकसमेतमा यो विषयको उठान गरेका थिए।



महासचिवले गाजामा बढ्दो आवश्यकता सम्बोधन गर्न, पूर्वी जेरुसेलमसहित कब्जा गरिएको क्षेत्रको अवस्थामा पनि केन्द्रित रहेको बताउनुभयो। यो श्रीखंलाबद्ध सबै हिंसा रोकी अपराधिलाई जवाफदेही बनाउनुपर्ने उहाँको भनाइ छ। महासचिवले प्यालेस्टाइनको लामो प्रश्न र बढ्दो हिंसाका बीचमा समितिको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्नुभयो। गाजामा भएको घटनालाई साझा मानवता र अन्तस्करणमा दाग भन्दै महासचिवले विगत एक सय २० दिनमा मृत्यु, बिनाश, विस्थापन, भोकमरी, क्षति र दुःख भएकोमा शोक व्यक्त गर्नुभयो।

गाजामा मात्रै दुई तिहाइभन्दा बढी महिला तथा बालबालिकासहित २६ हजार सात सय ५० भन्दाबढी प्यालेस्टिनी मारिएको विषयमा जोड दिँदै उहाँले सर्वसाधारणको हत्या र अपाङ्गता भएका सैन्य आक्रमणमा असन्तुष्टि ब्यक्त गर्नुभयो। गुटेरेसले नागरिक पूर्वाधारमा गम्भीर असर परेको औंल्याउदै गाजामा घर, अस्पताल, विद्यालय, पानी र सरसफाइ सुविधाहरूसहित ७० प्रतिशतभन्दा बढी संरचना नष्ट भएको बताउनुभयो।अन्तर्राष्ट्रिय मानवीय कानुनको सिद्धान्तलाई पुनःपुष्टि गर्दै उहाँले द्वन्द्वको कुनै पनि पक्ष अन्तर्राष्ट्रिय कानुनभन्दा माथि नहुने कुरामा जोड दिनुभयो।

महासचिवले प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहतकार्य एजेन्सी (युएनआरडब्लुए)का कर्मचारी विरुद्धको गम्भीर आरोपहरूलाई सम्बोधन गर्दै आरोपबाट व्यक्तिगतरूपमा आफु डराएको बताउनुभयो। उहाँले युएनआरडब्लुएको महत्वपूर्णकार्य बताउँदै चालिएका कदमहरूको रूपरेखा प्रस्तुत गर्नुभयो। गाजाको मानवीय प्रणाली पतनको सङ्घारमा पुगेको बताउँदै २.२ मिलियन मानिसले सामाना गरिरहेको अमानवीय अवस्थामा महासचिवले द्रुत, सुरक्षित, निर्बाध, विस्तारित र दिगो मानवीय पहुँचको लागि आह्वान गर्नुभयो।

उहाँले तत्काल मानवीय युद्धविरामका लागि निवेदनको साथसाथै भीड कम गर्न र निरन्तर मानवीय पहुँच सुनिश्चित गर्ने आवश्यकतामा जोड दिनुभयो।गुटेरसले दुई-राज्य समाधानको दिशामा प्रगति गर्न आह्वान गर्नुभयो। दुई-राज्य समाधानले प्यालेस्टिनी जनताको अपरिहार्य अधिकारको प्राप्ति भई सो क्षेत्रमा न्यायपूर्ण र स्थायी शान्ति र स्थिरता सुनिश्चित गर्न सक्ने उहाँको भनाइ छ। उहाँले अन्तर्राष्ट्रिय समुदायलाई अर्थपूर्ण शान्ति प्रक्रियालाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतामा अडिग रहन पनि आग्रह गर्नुभएको छ।

# आत्मविश्वासले खेल जितायो

**टुडे समाचारदाता**

टीकापुर। कैलालीका पालिका यतिखेर राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता जनाउन पालिकास्तरमा खेलाडी छनोट गर्दैछन्। स्थानीय पालिकामा भएका खेलमा सहभागी छोरीहरु हौसला र सहयोगले सफलता पाउन सकेको बताउँछन्। उनीहरु आफूहरुलाई खेल क्षेत्रमा अगाडि आउन अभिभावक, विद्यालयले सहयोग गरेकाले त्यसमा जुटेको बताउँछन्।

टीकापुर नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खड्ग स्मृति माविकी भूमिका बम हाइजम्पमा प्रथम भईन्। उनी परिवार, शिक्षकको हौसलाले नै सफलता मिलेको बताउछिन्। "म सानैबाट दौड्ने, उफ्रने गर्दथे, मलाई यसरी प्रतियोगितामा सहभागी हुन्छु भन्ने थाह थिएन", भूमिकाले भनिन्, "मेरो रुचि देखेर होला। शिक्षकले खेलमा लाग भने, परिवारले पनि साथ दिएकाले मेरो आत्मविश्वास बढ्यो", भूमिका अब जिल्लास्तरमा कसरी जित्ने भन्ने तयारीमा छन्।

राष्ट्रिय मावि मनिकापुरकी सञ्जिता चौधरी आठ सय मिटर दौडमा प्रथम भईन्। उनलाई दौडमा सहभागी हुन विद्यालयले हौसला दियो। उनी अब राष्ट्रपति रनिङ शिल्डका लागि थप तयारी गरिरहेकी छन्। छोरीहरु पढाइमा मात्र अब्बल भएको हेर्न चाहने समाजमा यी छोरीहरुलाई खेलमा अगाडि बढ्न सबै क्षेत्रबाट सहयोग मिलेको छ। "दैनिक बिहान दौड्न थालेकी छु। खेलकुदमा व्यस्त रहेका बेला छुटेको पढाइमा विद्यालयले अतिरिक्त कक्षाको व्यवस्था गर्छु भनेको छ", सञ्जिता भन्छिन्, "छोरीहरु बलियो बन्न खेलले बढी सघाउँछ भनेर महिला शिक्षकले भन्ने गर्नुभएको छ। म अब यसलाई निरन्तरता दिनेछु। पढाइसँगै खेलमा आफूलाई सफल बनाउने गरी अघि बढ्नेछु।"

खड्ग स्मृति माविकै कविता सोडारी तीन हजार मिटर दौडमा प्रथम भईन्। "सुरु सुरुमा खेलकुदजस्ता अतिरिक्त क्रियाकलापमा सहभागी हुने रुचि थिएन। पछि शिक्षकले हौसला दिएपछि आफूमा भएको क्षमता किन लुकाउने भन्ने लाग्यो", उनले भने, "यहाँ त जितियो, अब जिल्लामा कस्तो हुन्छ ? तर मेहनत गर्छु। यो जितले मेरो आत्मविश्वास बढेको छ।"

वीरेन्द्र विद्या मन्दिरकी बेला डेमनडौरा कराते प्रतियोगिताको ५० केजी तौल समूहमा प्रथम भईन्। पाँच वर्षदेखि नियमित अभ्यास गरिरहेकी बेलालाई यो क्षेत्रमा बेलाका पिताको हौसलाले ल्याएको हो। "टीकापुरमा कराते सिकाउने केन्द्र खुलेपछि बुबाले मलाइ नि सिक्न पठाउनुभयो। छोरीहरु शारीरिकरुपमा बलियो हुनुपर्छ भनी थालेको यो अभ्यासले आज विजेता बनायो", उनी भन्छिन्, "महिला हिंसामा परेको, कमजोर भएको देखेर बुवाले देखाएको बाटो राम्रो रहेछ भन्ने बुझ्ने भएकी छु।"

मनकामना बोडिङ स्कुलकी आश्मा भण्डारी ४२ केजीमा प्रथम भईन्। "छोरीहरुको आत्मरक्षा, शारीरिक रुपमा बलियो हुनका लागि करातेमा लाग्न आवश्यक रहेको उनी बताउछन्", "हामीमाथि हुने हिंसा न्यूनीकरण गर्न, अरुलाई पनि हिंसा हुनबाट जोगाउन हामीसक्षम हुनुपर्ने रहेछ", उनी भन्छन्, "यसका साथै खेल क्षेत्रका माध्यमले देशको नाम चिनाउनेछौं।"

खेल क्षेत्रमा लागेका छोरीहरुलाई घरपरिवार, विद्यालय र राष्ट्रले लगानी बढाउन आवश्यक रहको सरस्वती मावि वनगाउँका शिक्षक सम्झना अर्याल बताउछन्। "छोरीहरुलाई खेलमा सक्रिय गराउन उनीहरुको पोषणमा ध्यान दिनुपर्छ। उनीहरुका लागि आवश्यक पोषणयुक्त खाना, पारिवारिक वातावरण सहज बनाउनुपर्छ", उनी भन्छन्, "विद्यालयले पनि अध्ययनका लागि सहज वातावरण बनाइदिनुपर्छ। खेलमा लगानी गर्नुपर्छ।"

# शाही मानहानि कानून संशोधन अभियान अन्त्य गर्ने आदेश

**एएनआइ**

बैङ्कक। एक थाई अदालतले राज्यको सबैभन्दा लोकप्रिय राजनीतिक पार्टीलाई देशको शाही मानहानि कानूनमा संशोधन गर्ने अभियानको अन्त्य गर्न आदेश दिएको सिएनएनले जनाएको छ।




सिएनएनका अनुसार गत वर्षको चुनावमा सबैभन्दा बढी सिट जितेको मुभ फरवार्ड पार्टीले मानहनी कानून संशोधनको अभियानमार्फत संविधानको उल्लङ्घन गरेको बैंककको संवैधानिक अदालतले बुधबार फैसला सुनाएको थियो। अदालतले फैसला अनुसार मुभ फरवार्ड पार्टी र यसका नेताहरू, पूर्व प्रधानमन्त्री उम्मेद्वार पिटा लिम्जारोनेराटले आफ्नो कार्यहरूमार्फत संवैधानिक राजतन्त्रलाई हटाउने प्रयास गरेको ठहर गरेको छ।

सिएनएनका अनुसार उक्त फैसलालाई दक्षिणपूर्वी एसियाली थाइल्यान्डको सुधार आन्दोलन, परिवर्तनका लागि मतदान गरेर रूढीवादी, सैन्य समर्थित प्रतिष्ठानलाई चुनौती दिने लाखौं युवामाथि प्रहार भएको ठानिएको छ।विश्लेषकहरूका अनुसार फैसलाले थप मुद्दाका लागि ढोका खोलेको हुँदा थाइल्यान्डको पछिल्लो चुनावमा सफल पार्टी विघटन भई नेताहरूमाथि प्रतिबन्ध र आपराधिक आरोपसमेत लाग्न सक्छ।

मुभ फरवार्डका सांसद्हरूले लेस म्याजेटे कानून खारेज गर्न, शाही मानहानि कानूनअन्तर्गत आरोपहरूको सामना गर्न वा सोअन्तर्गत आरोपितलाई जमानतमा आफ्नो स्थिति प्रयोग गर्न अभियान चलाएकोअदालतले फैसलामा भनेको छ। अदालतले कानून खारेज गर्ने वा संशोधन गर्ने उद्देश्यले भाषण, लेखन, प्रकाशन वा विज्ञापनका रूपमा कुनै पनि सन्देश प्रवाह गर्ने जस्ता कार्य तथा अभिव्यक्ति प्रवाह गर्न बन्द गर्न आदेश दिएको सिएनएनले बताएको छ।

# युद्धविराम वार्ताका लागि हमास प्रमुख कायरोमा

**एएफपी**

गाजापट्टी। इजराइलले घेरामा हालेको प्यालेस्टिनी क्षेत्रमा आफ्ना आक्रमणलाई जारी राखेकाले गाजामा प्रस्तावित युद्धविरामबारे छलफल गर्न हमासका नेता बिहीबार कायरो आइपुग्नुहुने अपेक्षा गरिएको थियो।

हमासले इजराइलसँग आफ्नो युद्धमा छ साताको युद्धविरामको प्रस्तावको समीक्षा गरिरहेको एक स्रोतले एएफपीलाई बताएको छ। पेरिसमा मध्यस्थकर्ताहरू भेला भएपछि विनाशकारी युद्धको गतिमा नयाँ विरामको दिशामा अन्तर्राष्ट्रिय प्रयास भइरहेको थियो।



गाजामा युद्ध वा हवाई बमबारीमा कुनै कमी आएको छैन। युद्धको वर्तमान ध्यान मुख्य दक्षिणी सहर खान युनिसमा रहेको छ। त्यहाँ हमासका प्रमुख लडाकूहरू लुकेर बसेको इजराइलले बताएको छ। प्रत्यक्षदर्शीहरूका अनुसार सहरमा रातभर धेरै इजराइली हवाई हमला भएको छ। सहायता तथा स्वास्थ्य कार्यकर्ताहरूले विशेषगरी दुई अस्पताल वरपर धेरै दिनदेखि ठूलो युद्धको सूचना दिएका छन्। प्यालेस्टिनी क्षेत्रका लागि अन्तर्राष्ट्रिय एनजिओ डक्टर्स विदआउट बोर्डर्सका प्रमुख लियो क्यान्सले भन्नुभयो, "अहिले पनि नरसंहार भइरहेको छ।"

इजराइलले हमासमाथि गाजामा अस्पतालहरूमुनिका सुरुङबाट सञ्चालन गरेको र चिकित्सा संस्थाहरूलाई कमान्ड सेन्टरका रूपमा प्रयोग गरिरहेको आरोप लगाएको छ। हमासले उक्त आरोपलाई अस्वीकार गरेको छ। हमासलाई युरोपेली सङ्घ (इयु) र अमेरिकाले 'आतङ्कवादी' सङ्गठनको संज्ञा दिएका छन्। विश्व स्वास्थ्य सङ्गठनका आपत्कालीन निर्देशक माइकल रयानले मानवीय सहायता वितरणमा अवरोधका कारण जनसङ्ख्या 'भोकै मरिरहेको' बुधबार बताउनुभयो। "गाजाका बासिन्दा यो द्वन्द्वका पक्षहरू होइनन् र उनीहरूलाई उनीहरूको स्वास्थ्य सुविधाजस्तै सुरक्षित गरिनुपर्छ", उहाँले भन्नुभयो।

पछिल्लो अपडेटमा संयुक्त राष्ट्रसङ्घले गाजापट्टी विशेषरूपमा खान युनिसमा व्यापक बमबारीको सूचना दिएको छ। उसले खान युनिस सहरबाट एक लाख ८४ हजार प्यालेस्टिनी आफ्नो घर छाडेर भागेपछि मानवीय सहायता प्राप्त गर्नका लागि दर्ता गरेको बताएको छ। कतार र इजिप्टको नेतृत्वमा मध्यस्थताको प्रयास तीव्र हुँदै गर्दा हमास नेता इस्माइल हानियेह गत साता पेरिसमा पारित एउटा युद्धविराम प्रस्तावमाथि छलफल गर्न बिहीबार सिआइए प्रमुख विलियम बर्न्ससँग कायरो आउँदै हुनुहुन्थ्यो।

तीन चरणको योजना युद्धको सुरुआती छ साताको विरामका साथ सुरु हुने र यसबाट गाजापट्टीमा थप सहायता पुर्याइने हमासको एक स्रोतले बताएको छ। वार्ताको संवेदनशीलताका कारण नाम नछाप्न अनुरोध गर्दै स्रोतले इजराइलमा प्यालेस्टिनी बन्दीहरूको बदलामा उक्त चरणमा हमासले नियन्त्रणमा राखेका 'महिला, बालबालिका र ६० वर्षभन्दा धेरै उमेरका बिरामी पुरुष' लाई मात्र मुक्त गरिने बताएको छ। "इजराइली सेनाको फिर्तीलाई लिएर पनि वार्ता हुनेछ", स्रोतले भनेको छ। स्रोतका अनुसार सम्भावित अतिरिक्त चरणहरूमा थप बन्धक-बन्दी आदान प्रदान पनि समावेश हुनेछ।

# सुन्तालाको उत्पादन बढ्यो

**टुडे समाचारदाता**

गण्डकी । गण्डकी प्रदेशका किसानले यस वर्ष ५४ हजार दुई सय २८ मेट्रिक टन सुन्तला फलाएका छन् । जुन गत वर्षको तुलनामा एक हजार आठ सय ९७ मेट्रिक टनले बढी हो ।

प्रदेशको कृषि विकास निर्देशनालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा ५२ हजार तीन सय ३१ मेट्रिक टन सुन्तला फलेको थियो । आव २०७८/०७९ माजम्मा ५० हजार आठ सय ५० मेट्रिक टन उत्पादन भएको थियो ।

सुन्तला खेतीको क्षेत्रफल विस्तारसँगै पछिल्लो तीन वर्षयता सुन्तलाको उत्पादन लगातार वृद्धि भएको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताए । आव २०७८/७९ मा सात हजार नौ सय ४५ हेक्टरमा सुन्तला खेती गरिएकामा चालु आवमा सो क्षेत्रफल बढेर आठ हजार १७ हेक्टर पुगेको उनको भनाइ छ ।"प्रदेशमा सुन्तला उत्पादन बढिरहेको छ, तीन वर्षअघि प्रतिहेक्टरमा नौ दशमलव ७८ मेट्रिक सुन्तला फलेको थियो भने यस वर्ष प्रतिहेक्टरमा १० दशमलव ६५ मेट्रिक टन उत्पादन भएको छ", प्रमुख रेग्मीले भने, "फल दिने नयाँ बोट थपिनु, बगैँचा व्यवस्थापन, रेखदेख, रोगकिरा नलाग्नु, अनुकूल मौसम जस्ता कारणले सुन्तलाको उत्पादन वृद्धि भएको हो ।"

निर्देशनालयका कृषि अर्थ विज्ञ शशी अधिकारीले चालु आवमा सबैभन्दा बढी स्याङ्जामा १९ हजार ९० मेट्रिक टन सुन्तला फलेको जानकारी दिए । उत्पादकत्वका दृष्टिले पनि सबैभन्दा बढी स्याङ्जामा प्रतिहेक्टर १४ दशमलव ४६ मेट्रिक टन सुन्तला फलेको उनको भनाइ छ । यस वर्ष सबैभन्दा कम लमजुङमा चार सय ५० मेट्रिक सुन्तला उत्पादन छ । लमजुङमा जम्मा एक सय ३० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ ।

गोरखामा चार हजार नौ सय ७२ दसमलव ५०, तनहुँमा ११ हजार पाँच सय १८, कास्कीमा पाँच हजार चार सय ३५, पर्वतमा चार हजार १५, म्याग्दीमा ती हजार छ सय, बागलुङमा तीन हजार नौ सय २० र नवलपुरमा एक हजार दुई सय २७ मेट्रिक टन सुन्तला उत्पादन भएको जनाइएको छ ।

गण्डकीका ११ जिल्लामध्ये हिमाली जिल्ला मुस्ताङ र मनाङमा भने सुन्तला खेती नहुने कृषि अर्थविज्ञ अधिकारीले जानकारी दिए । निर्देशनालयका प्रमुख रेग्मीले गण्डकी देशमै बढी सुन्तला उत्पादन गर्ने प्रदेशमा पर्ने बताए । किसानले पाउने प्रतिकिलो रु ५५ औसत मूल्यका आधारमा



यस वर्ष गण्डकीमा रु दुई अर्ब ९८ करोड, २५ लाख, ४० हजार बराबरको सुन्तला उत्पादन भएको प्रमुख रेग्मीले बताए । सुरुसुरुमा केही कम मूल्य परे पनि पछिसम्म बोट र चिस्यान केन्द्रमा राखेर बेच्ने किसानले सुन्तलाको भाउ बढाउँदै लैजाने गरेको उनको भनाइ छ ।

"बजारमा आएपछि पाउने बिक्री मूल्यको त लेखाजोखा नै हुँदैन, व्यापारीले किलोलाई रु एक सयदेखि एक सय ५० सम्ममा बेच्छन्, फागुन, चैतमा मूल्य अझ बढ्छ, हामीले त सुन्तला फलाउने किसानले कति कमाए भनेर हेर्नुपर्छ", प्रमुख रेग्मीले भने, "जिल्लाले पठाएको प्रतिवेदन र आँकडा विश्लेषण गर्दा गण्डकीमा वार्षिक करिब रु तीन अर्ब बराबरको सुन्तला उत्पादन हुने गरेको देखिन्छ ।"

> "बजारमा आएपछि पाउने बिक्री मूल्यको त लेखाजोखा नै हुँदैन, व्यापारीले किलोलाई रु एक सयदेखि एक सय ५० सम्ममा बेच्छन्, फागुन, चैतमा मूल्य अझ बढ्छ, हामीले त सुन्तला फलाउने किसानले कति कमाए भनेर हेर्नुपर्छ, प्रमुख रेग्मीले भने, जिल्लाले पठाएको प्रतिवेदन र आँकडा विश्लेषण गर्दा गण्डकीमा वार्षिक करिब रु तीन अर्ब बराबरको सुन्तला उत्पादन हुने गरेको देखिन्छ ।"

गण्डकीमा सुन्तला विस्तार भएर आठ हजार १७ हेक्टरमा फैलिए पनि उत्पादन दिने बोटले ओगटेको क्षेत्रफल भने जम्मा पाँच हजार ९२ हेक्टर छ । सुन्तलाको उत्पादन बर्सेनि बढ्दै जाँदा किसानलाई भने बजारको चिन्ता थपिन सक्ने निर्देशनालयका प्रमुख रेग्मीले बताए । सुन्तलामा आधारित उद्योग सञ्चालनमा राज्य र व्यावसायिक क्षेत्रले लगानी गर्नुपर्ने उनको भनाइ छ ।

प्रमुख रेग्मीले रोगकिराको प्रकोप, कलमी बिरुवाको अभाव, बगैँचा व्यवस्थापन, सुन्तला टिप्नेदेखि, सुरक्षित भण्डारण र ढुवानी, बजारको अभावआदि सुन्तला खेतीमा देखिने गरेका चुनौती हुन् । बोट सुकेर मर्ने रोग, औँशे किरालगायतले पनि सुन्तला खेतीमा बेलाबेलामा क्षति पुऱ्याउँदै आएको छ ।"सुन्तला खेती प्रवर्द्धनमा किसानलाई सरकारले पनि अनुदान, सीप र प्रविधि दिएर सघाइरहेको छ", प्रमुख रेग्मीले भने, "बगैँचाको रेखदेख, व्यवस्थापनमा किसान नै बढी चनाखो हुनुपर्छ, अनुदान पाए गर्ने नत्र वास्ता नगर्ने प्रवृत्ति पनि कतिपय किसानमा छ, त्यो गलत हो ।" सुन्तला खेती विस्तार र व्यवसायीकरणका लागि विभिन्न जिल्लामा सुन्तला 'सुपर जोन', 'जोन', 'पकेट' र ' ब्लक' कार्यक्रम सञ्चालित छन् ।

बागलुङ, पर्वत र म्याग्दीका केही स्थानीय तहलाई समेटेर 'सुन्तला जोन' कार्यक्रम सञ्चालन गरिएपछि पाँच सय हेक्टरभन्दा बढी क्षेत्रफमा सुन्तला खेती विस्तार भएको 'सुन्तला जोन' एकाइ कार्यालयले जनाएको छ । 'सुन्तला जोन'मा बढी सुन्तला उत्पादन हुने बागलुङको बिहुँ, सिगाना, पर्वतको बाँसखर्क, सालिजा, लेखफाँट, म्याग्दीको बास्कुनालगायतका गाउँ पर्छन् । स्याङ्जामा सुन्तला 'सुपरजोन' कार्यक्रम लागू भइरहेको छ । सुरुमा केही स्थानीय तहका सीमित वडामा मात्र सञ्चालन गरिएको उक्त कार्यक्रमलाई पछि जिल्लाभर विस्तार गरिएको हो ।

स्याङ्जाका करेनडाँडा, जैसीडाँडा, रात्तेला, अर्जुनचौपारीलगायत गाउँ सुन्तला खेतीका लागि बढी चिनिन्छन् । तनहुँको म्याग्दे गाउँपालिका, गोरखाको सहिद लखन गाउँपालिकामापनिसुन्तलाखेतीबढीहुन्छ।यहाँ उत्पादित सुन्तला पोखरालगायत प्रदेशभित्रैका सहरी क्षेत्रमा बढी खपत हुन्छ । व्यापारीले नारायणगढ, काठमाडौँलगायत ठाउँमा पनि बिक्रीका लागि पुऱ्याउँछन् । उत्पादन जति बढ्दा पनि बजारको अभाव नहुने र श्रमको उचित मूल्य पाउने सुनिश्चिता गर्न सके सुन्तला खेतीमा किसानको आकर्षण अझै बढ्ने निर्देशनालयका प्रमुख रेग्मीले बताए । "नगदे बाली भएकाले सुन्तला खेतीबाट किसान सन्तुष्ट छन्, सुन्तला बेचेर वार्षिक दशौँ लाख कमाउने किसान पनि हामीकहाँ छन्", उनले भने ।

# कफीको न्यूनतम समर्थन मूल्य निर्धारण

**टुडे समाचारदाता**

सल्लेरी । सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाले कफीको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ । कफी प्रशोधन गरी अन्तराष्ट्रिय बजारमा पुऱ्याउने लक्ष्यका साथ गाउँपालिकाले बुधबार कफीको न्यूनतम समर्थन मूल्य तोकेको हो ।

कफी कृषक तथा अन्य सरोकारवालासँगको अन्तरक्रियापछि वैज्ञानिक ढङ्गबाट मूल्य निर्धारण गरिएको गाउँपालिकाका प्रवक्ता भोजराज कार्कीले जानकारी दिए । उनका अनुसार राष्ट्रिय चिया तथा कफी विकास बोर्डले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यसमेतलाई आधार मानी 'ए' ग्रेडको 'पार्चमेन्ट' कफीको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रू छ सय निर्धारण गरिएको छ ।

बोर्डले भने सोही कफीको मूल्यप्रति केजी रु पाँच सय निर्धारण गरेको छ । गत मङ्सिर १ गतेदेखि लागू हुनेगरी न्यूनतम समर्थन मूल्य निर्धारण गरी बोर्डले सार्वजनिक सूचना नै जारी गरेको छ । बोर्डको समर्थन मूल्यभन्दा प्रतिकिलो रू एक सय बढी निर्धारण गरिएको गाउँपालिका अध्यक्ष असिम राईले बताए । उनले भने, "थुलुङ दूधकोशी सरकार वास्तविक कृषकको उन्नतिका लागि काम गर्ने सरकार हो, त्यसैले आर्थिक विकासका लागि महत्वपूर्ण कार्यक्रम सञ्चालन गरिरहेका छौँ ।" यसअघि थुलुङ दूधकोशी गाउँपालिका-८ देउसामा रहेको देउसा कृषिवन स्रोतकेन्द्रले कृषकको कफी प्रतिकिलो रू पाँच सयले सङ्कलन गर्दै आएको थियो ।



**थुलुङ दूधकोशीमा उत्पादित कफी विश्वमा नै उत्कृष्ट**

थुलुङ दूधकोशीमा उत्पादन भएको कफी विश्वमा नै उत्कृष्ट रहेको अध्ययनले जनाएको छ । इको हिमाल नेपालकै पहलमा यहाँ उत्पादित कफी बेलायत र अष्ट्रेलिया लगायतका राष्ट्रमा नमुना परीक्षणका लागि पठाउँदा उत्कृष्ट प्रमाणित भएको इको हिमाल नेपालका कार्यकारी प्रमुख नारायण ढकालले बताए ।

नमुना परीक्षणका क्रममा कफीको नतिजा उत्कृष्ट पाएपछि कृषकलाई थप हौसला बढेको कार्यकारी प्रमुख ढकालको भनाइ छ । केही वर्षअघि बारीमा लगाइएको कफीको बोट नष्ट गर्न थालेका कृषकले पुनःनयाँ बिरुवा लगाउन थालेका स्थानीयवासी कृषक नेतकुमार राईले बताए । आफूले केही बोट कफी नष्टको अनुभव सुनाउँदै उनले स्थानीय सरकारले बजारीकरणको जिम्मा लिएपछि सहज हुने र ढुक्कसँग खेती गर्ने वातावरण सिर्जना भएको सुनाए ।

थुलुङ दूधकोशीले पालिकामा नै कफी प्रशोधन गर्ने भएपछि यहाँका कृषक खुसी भएका छन् । गाउँपालिका प्रवक्ता कार्कीका अनुसार अहिले कफी प्रशोधन गर्ने मेसिन खरिदलगायत अन्य संरचना निर्माणको तयारी तीव्र पारिएको छ । करिब रू ७० लाखको लागतमा उक्त परियोजनाको कार्य भइरहेको उनको भनाइ छ ।

उपकरण खरिदमा गाउँपालिका र द ग्लासियर ट्रष्ट बेलायतको लगानी हुनेछ भने अन्य तालिमलगायतमा इको हिमाल नेपालको भूमिका रहने बताइएको छ । यसरी आफ्नै पालिकामा कफी प्रशोधन हुने भएपछि स्थानीयवासी कृषक हर्षित भएका छन् । यसअघि आफूले उत्पादन गरेको कफीले बजार पाउने निश्चित नहुँदा खेतीतर्फ आकर्षण नभएको जनाउँदै देउसाका अगुवा कृषक युवराज राईले थुलुङ दूधकोशीले कृषितर्फ चालेको कदमले उत्साह पैदा भएको बताए ।

कृषिमा राम्रो सम्भावना भए पनि सरकारको ध्यानदृष्टि नपुगेका कारण विदेश पलायन हुनेदर बढिरहेका बेला स्थानीय सरकारको एकपछि अर्को कदमले गर्दा आफूलाई जापान जाने अवसर प्राप्त हुँदा बेवास्ता गरेको उनले सुनाए । अध्यक्ष राईले राम्रो कफी उत्पादन गर्ने कृषकलाई पुरस्कार दिने बताए ।

# कुहियो शीत भण्डारका सुन्तला



**टुडे समाचारदाता**

अर्घाखाँची । अर्घाखाँचीको पाणिनीमा शीत भण्डारमा राखेका सुन्तला आवश्यक मात्रामा रेखदेख र व्यवस्थापन नहुँदा (रफ हेन्डलिंग) हरियो र नीलो ढुसीले कुहिएको वैज्ञानिकको अनुसन्धानबाट पत्ता लागेको छ ।

पाणिनी गाउँपालिका-२ पोखराथोकमा रहेको शिवशक्ति शीत भण्डारमा पणेनाको सिम्ले र पोखराथोकका कृषकले राखेको ९० मेट्रिक टनमध्ये ६३ मेट्रिक टन सुन्तलाका दानामा ढुसी लागेर नष्ट भएपछि नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक उमेश आचार्यको टोलीले स्थलगत अनुसन्धान गरेको थियो । वैज्ञानिक अनुसन्धानपछि सुन्तला मुख्य गरी हरियो (पेन्सिलियम डिजिटेटम) र नीलो (पेन्सिलियम इटालीकम) ढुसीको कारणले गर्दा सुन्तला नष्ट भएको वरिष्ठ वैज्ञानिक आचार्यको टोलीले स्थलगत अनुसन्धानपछि निष्कर्ष निकालेको कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धिराज घिमिरेले बताए ।

भण्डारण गर्दा प्राविधिक त्रुटि रहेको, खुला हातले पन्जा नलगाई शीत भएको समयमा टिपिएको, भण्डारण गर्दा 'सोडियम हाइपोक्लोराइड'को मात्रा कम राखेको जसका कारण अघिल्ला वर्षको ढुसीका जीवाणु नष्ट नभएको अनुसन्धानपछि पत्ता लागेको छ । सुन्तलालाई पटकपटक हातले छुँदा ढुसीले बढी आक्रमण गरेको, भण्डारण घरको तापक्रम र आर्द्रता पनि नमिलेको देखिएको वैज्ञानिक टोलीको प्रतिवेदनमा उल्लेख गरेको छ । सुन्तला टिप्दा आधा हरियो र आधा पाकेको टिप्नुपर्नेमा सबै पाकेका सुन्तला टिपेको, हात बढी प्रयोग भएको, हातका कारण बढी ढुसी लागेको निष्कर्ष छ ।

सुन्तला कसरी र किन कुहियो भनेर आइतबार परिषद्का वरिष्ठ वैज्ञानिक आचार्य, कृषि विकास निर्देशनालय बुटवलका बाली संरक्षण अधिकृत मिलन गैरे, कृषि विकास निर्देशनालय बुटवलका बागवानी अधिकृत सुनयना बराली र कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धिराज घिमिरेको टोलीले स्थलगतरुपमा शीत भण्डारमा पुगी सुन्तला कुहिएको बारेमा अनुसन्धान गरेको थियो ।

शीत भण्डारमा राखेका ६३ मेट्रिक टन सुन्तला कुहिएपछि रु ९० प्रतिकेजीमा सुन्तलाको हिसाब गरे पनि कृषकले झण्डै रु ५६ लाख ७० हजार घाटा व्यहोर्नुपरेको छ । कृषक मानबहादुर श्रेष्ठ, चिरञ्जीवी पौडेल, रेवतीराज पौडेल र खगेन्द्र पौडेलले शीत भण्डारमा स्थानीयस्तरमा उत्पादन भएको ९० टन सुन्तला राखेका थिए ।

शीत भण्डारमा राखी बेमौसममा महँगोमा बिक्री गर्ने उद्देश्यले राखेका सुन्तलामा ढुसी लागेपछि आफूहरुलाई ठूलो घाटा परेको कृषकको भनाइ छ । अघिल्ला दुई वर्षमा पनि यसरी नै कुहिएर सुन्तला नोक्सान भएको थियो । यस वर्ष लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालयले गत मङ्सिरमा विज्ञ प्राविधिक ल्याएर कृषकलाई गाउँमै कोल्डस्टोरमा सुन्तला राख्ने तरिका सिकाएको थियो । सिकाएअनुसार सुन्तला भण्डारण गर्दा पनि कुहिएर नष्ट भएको कृषकको भनाइ छ ।

अघिल्ला दुई वर्षमा केही मात्रामा कुहिए पनि यसपटक एकैसाथ नष्ट भएको हो । यसरी वर्षेनि सुन्तला बिग्रँदा किसान चिन्तित भएका छन् । लुम्बिनी प्रदेश सरकारको आर्थिक सहयोगमा पाणिनी गाउँपालिकाले तीन वर्षअघि तीन सय मेट्रिक टन क्षमताको कोल्डस्टोर निर्माण गरेको थियो । कोल्डस्टोर सिम्लेका सुन्तला कृषकको शिवशक्ति मिश्रित कृषक समूहले सञ्चालन गरेको छ ।


Government of Madhesh Pradesh

Ministry of Energy, Irrigation and Water Supply

Water Resources and Irrigation Deveopment Division, Saptari

Invitation for Bids

Date of Publication : 2080/10/19

1. Water Resources and Irrigation Development Division, Saptari invites electronic bids for Pachi Jharna River Training works at Khadak Municipality-11, Banauli, Saptari from eligible bidders for following works under National Competitive Bidding – Single Stage Single Envelope (1S1E) Bidding procedure. Only eligible bidders with the following key qualifications should participate in this bidding process:

| S. N. | Contract No. | Description of Work | Estimated Amount NRs. (Excluding VAT & With PS) | Bid Security Amount (NRs.) | Cost of Bidding Document NRs.) | Bid Purchase Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | RTP/WRIDD/Saptari/080-81/NCB-01 | Construction of RCC Retaining wall of Pachi Jharna River Training Project, Khadak Municipality-11, Banauli, Saptari. | 47,01,018.59 | 1,45,000.00 | 3000 (Non Refundable) | 2080/11/20 During office hours | 2080/11/21 At 13:00 hours |

2. Bidders shall download the bidding documents and purchase/submit their bid electronically through web portal www.bolpatra.gov.np/egp. Bids received after the deadline will be rejected. Bidders, submitting their bid electronically should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and upload the scanned copy (PDF format) of the Bank deposit voucher at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank:** Rastriya Banijaya Bank Limited, Rajbiraj , Saptari

**Name of Office:** Water Resources and Irrigation Development Division, Saptari, Rajbiraj (WRIDD, Saptari )

**Rajaswa Khata No. (Revenue Account):** 1000200010000

**Office Code No. (Water Resources and Irrigation Development Division, Saptari):** 3130215012

**Revenue Topic No.:** 14229

**Security Deposit (Dharauti Khata) No.:** Ka 2.3 DHARAUTI A/C (PRA.LE.E.KA) : 2180100202030000

3. Bidders must submit their bid with updated Firm Registration, VAT/PAN certificate, Updated VAT, Tax clearance certificate. otherwise bid shall be non responsive. Eligible Bidders may obtain further information at the office WRIDD, Saptari or may visit PPMO website (www.bolpatra.gov.np/egp).

4. Employer Name :

Water Resources and Irrigation Development Division, Saptari — Location : Pump Canal Office Premise, Rajbiraj

Attention : Division Chief, WRIDD, Saptari — Mobile : 9852821552, 9852821553

Email : saptari.irrigation@gmail.com

Division Chief

# प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिप्रति नेपाल असन्तुष्ट




**टुडे समाचारदाता**

जनकपुरधाम। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजदरबार हत्याकाण्डबारे दिएको अभिव्यक्तिप्रति सात दलीय गठबन्धनभित्र असन्तुष्टि बढेको छ ।

प्रधानमन्त्री प्रचण्डले राजदरबार हत्याकाण्डको छानबिन हुने भनेपछि गठबन्धन मध्येका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सल्लाह नै नगरी बोलेको भन्दै असन्तुष्टि जनाएका छन् ।

गठबन्धनको सरकार रहेको बेला प्रधानमन्त्री प्रचण्डले सल्लाह नै नगरी राजदरबार हत्याकाण्डको छानबिन गरिने भनेर दिएको अभिव्यक्तिप्रति पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाल असन्तुष्ट भएका छन् । जनकपुरधाममा बिहीबार समाजावादी प्रेस संगठन धनुषाले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पूर्वप्रधानमन्त्री नेपालले स्वर्गीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समेत आफूसंग सरसल्लाह लिएर बोल्ने गरे पनि अहिलेको प्रधानमन्त्री प्रचण्डले सरसल्लाह नै नलिनु दुःखद रहेको टिप्पणी गर्दै उनले प्रधानमन्त्री प्रचण्डलाई विचार पुर्‍याएर बोल्न सुझावसमेत दिए ।

उनले विगतको स्मरण गर्दै भने-'स्वर्गीय गिरिजाबाबु मसंग पनि सल्लाह गरेर बोल्नुहुन्थ्यो, राजदरबार हत्याकाण्डबारे प्रधानमन्त्री प्रचण्डले कसरी अचानक बोल्नु भो, खै ।' भन्दै आश्चर्य प्रकट गरे ।

उनले राजतन्त्र श्मशान घाटको मुर्दा भइसकेकाले कसैले चाहँदैमा फर्काउन नसक्ने र फर्काउन पनि नदिइने बताए ।

उनले प्रचण्ड सरकारको एक वर्षे कामकाजको समीक्षा हुनुपर्ने बताउँदै अध्यक्ष नेपालले अहिलेको गठबन्धन पाँच वर्षसम्म र कसैले बिर्गान नसक्ने दावीसमेत गरे । उनले प्रधामन्त्री प्रचण्डको प्रशंसा गर्दै भने-'प्रधानमन्त्री प्रचण्डले कतिपय धेरै राम्रा कामहरु पनि गरिरहनु भएको छ ।'

# बन्ध्याकरणमा पुरुषको 'क्याम्प' खाली

**टुडे समाचारदाता**

जलेश्वर । परिवारनियोजनका लागि महोत्तरीका भित्री गाउँ/नगर बस्ती र अस्पतालमा सञ्चालित बन्ध्याकरण शिविर (क्याम्प) मा पुरुष क्याम्प खाली देखिएको छ ।

जिल्लाका मटिहानी, भङ्गाहा, मनराशिशवा, रामगोपालपुर र औरही नगरपालिकामा सञ्चालित क्याम्पमा पुरुषले सेवा लिन नपुगेकाले खाली देखिएको छ । शिविरमा पुरुषका लागि भ्यासेक्टोमी र महिलाका लागि बन्ध्याकरणको व्यवस्थासहित चिकित्सक र दक्ष स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । हालसम्म पाँच नगरक्षेत्रमा सम्पन्न शिविरमा एक पुरुष पनि सेवा लिन नपुगेको कार्यालय प्रमुख सुनिता गुप्ताले जानकारी दिइन् ।

'हामीले एक महिना पहिलेदेखि पुरुष र महिलाका लागि बन्ध्याकरण शिविर सञ्चालन हुने भनेर प्रचारप्रसार गर्‍यौं, सोअनुसार व्यवस्थापन पनि गरिएको छ तर सेवा लिन हालसम्म एकजना पनि पुरुष पुगेका छैनन् उनले भने-' शिविर क्षेत्रमा देखिने पुरुष पनि महिलालाई नै बन्ध्याकरण गराउन पो पुगेका छन् ।' पाँच नगरक्षेत्रमा सम्पन्न बन्ध्याकरण शिविरमा ३४९ महिलाले भने स्थायी बन्ध्याकरण (मिनिल्याप) गराएका छन् ।

जिल्लाका विभिन्न स्थानीय तह र जिल्ला सदरमुकाम जलेश्वर स्थित प्रादेशिक अस्पतालमा बन्ध्याकरण विशेष शिविर जारी छ । प्रादेशिक अस्पतालमा पनि हालसम्म बन्ध्याकरण गराउन एकजना पनि पुरुष नपुगेको बुझिएको छ । अस्पतालमा हालसम्म ७६ महिलाले मिनिल्याप गराएका छन् ।

शिविरमा पुरुष/महिला दुवैलाई लक्ष्य गरेर विशेष क्याम्प सञ्चालन गरिए पनि पुरुष क्याम्पमा सहभागी जनशक्ति र अन्य तयारीले कुनै काम नपाएको कार्यालयका सूचना अधिकारी तथा जनस्वास्थ्य निरीक्षक अम्बिका दासले बताइन् ।

जिल्लाका गौशाला, सम्सी, लोहारपट्टि, बलवा, पिपरा र जलेश्वरसहित स्थानीयतहमा शिविर सम्पन्न हुन बाँकी छ । यता प्रादेशिक अस्पतालमा भने निरन्तर यो सेवाको प्रबन्ध मिलाइएको जनाइएको छ । परिवार नियोजनको स्थायी बन्ध्याकरणमा पुरुष सहभागी नहुनु सुरक्षा शंका र आफूले बढी मेहनत गर्नेपर्छ भन्ने मानसिकता रहेको बुझिन्छ तर पुरुषका लागि बन्ध्याकरण अत्यन्त सरल, झन्झटरहित र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने हुने गरेको प्रमुख प्रशासक गुप्ताले बताए ।

स्वास्थ्य सचेतना कार्यक्रममा यी विषयबारे निरन्तर जोड दिँदै आइए पनि बन्ध्याकरणमा पुरुषको सहभागिता नहुनु परिवार र समाजमा महिलाप्रतिको रुझान देखिने महिला अधिकारबारे पैरवी गर्ने महिला नेताहरूको प्रतिकृया छ ।

'बुझ्नु भएन, परिवार नियोजनको बन्ध्याकरणमा केही समस्या भए महिलाले नै भोगुन् भन्ने मानसिकता हो', महिला अधिकारकर्मी भङ्गाहा-४ कि हिरा काफ्लेले भनिन्-'के गर्नु ? आफैँले जन्माउनु र हुर्काउन पर्ने जिम्मेवारीले गर्दा महिला नै बन्ध्याकरणमा पुग्ने गरेका छन् ।' नगर्दा आफैँमाथि भार थपिने हुँदा पुरुष बन्ध्याकरणमा अनिच्छुक देखिएपछि महिला नै पुग्ने गरेका उनको भनाइ थियो ।

# काठमाण्डुले मधेशको ठूलो समस्यालाई बेवास्ता गर्‍यो : थापा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली काग्रेसका महामन्त्री गगन थापाले जनताको सवाल राजनीति मुद्दा बन्नु पर्ने बताएका छन् । किसान, युवा लगायतको रोजगारीको विषय, किसानको सिँचाई समस्या, विद्यार्थीको पढाई अवस्था, स्वास्थ्य र खेतखलिहानको विषय राजनीति मुद्दा बन्नु पर्ने महामन्त्री थापाले बताए । मुलुकको विकासका लागि जनताको समस्या राजनीति मुद्दा बन्नु पर्छ, महामन्त्री थापाले भने-' झापामा हात्तीको त्रास । धनुषा महोतरीका किसान निलगाईको आतंकले समस्यामा परेको छ । किसानको खेतमा सिँचाइको समस्या छ । तर यो समस्या विषयमा राजनीति छलफल हुँदैन । छलफलमा यस्ता विषय उठाउन खोज्दा उठाउनै दिँदैन ।' जनताले दैनिक भोगिरहेको समस्या बारे गठबन्धन सहितको राजनीतिक दलको प्राथमिकतामा नपरेको उनले टिप्पणी गरे ।

महोत्तरीको भोल्हीमा नेपाल प्रेस युनियनले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा महामन्त्री थापाले जनतामा छाएको निराशा चिर्न र स्थानीयस्तरका गुनासा सुन्नका लागि पार्टीले संवाद यात्राको सुरुआत गरेको बताए । संवाद यात्राको क्रममा जिल्ला, भूगोल अनुसार फरक फरक समस्या लामो समय देखि यथावत रहेको र समाधानका लागि पहल नहुँदा राजनीतिक आन्दोलनले परिवर्तन भएको व्यवस्थाको अनुभूति हुन नसकेको थापाले बताए ।



काठमाण्डुले मधेशको ठूलो समस्यालाई बेवास्ता गर्दा मधेशको विकास हुन सकेन, महामन्त्री थापाले भने-' संवाद यात्राबाट देखेको समस्यालाई समाधान गर्न संघीय, प्रदेश र स्थानीय सरकारबाट पहल गर्नेछौ । नागरिकको सुझावलाई विकासको अनुभूति गर्न संघीय सरकारको बजेटमा राख्न राजनीतिक दललाई बाध्य बनाउने छौ ।' सरकारको प्राथमिकतामा पार्टी र आफन्तको योजना बजेटमा राख्दा जनताको समस्यामाथि सरकारको ध्यान र योजना असाध्यै कम परेको छ, उनले भने ।

संवाद यात्राले कुन जिल्लामा कस्ता योजना र कस्तो पहल आवयक रहेको नजिकबाट पहिचान भएको उल्लेख गर्दै समस्या र आवश्यक्ता अनुसार विकास निर्माणमा बजेट छुट्याउन पहल गर्ने थापाले बताए । मधेशमा सिँचाइको समस्या समाधान गर्ने ठूला योजना अगाडि बढन नसकेको र साना सिँचाई आयोजना प्राथमिकतामा नपर्दा मधेशका किसान वर्षेनि खडेरीको समस्याले ग्रसित हुँदै आएकोले साना योजना अगाडि बढाउन सरकारलाई सुझाव दिने बताए । सिँचाइको समस्या तत्काल समाधान गर्न संघ र प्रदेश सरकार दुवै तहमा कांग्रेसले पहल थाल्ने छ, उनले भने ।

नेपाली समाजलाई निराशाबाट बाहिर निकाल्ने प्रयासस्वरुप यात्रा आरम्भ गरेको उनले बताए । महामन्त्री थापाले आफूहरु भुईंमान्छेको प्रतिनिधि रहेकोले पार्टी प्रतिको गुनासो सुन्न र आम समुदायको समस्या बुझ्न यात्रा प्रभावकारी भएको बताए ।

महामन्त्री थापाले जनताको दुःख, दर्द र मर्मलाई बुझ्नुका साथै आफूले गरेका कमीकमजोरी पत्ता लगाउन समेत यो सम्बाद कार्यक्रमले मद्दत गरेको बताए । पार्टीलाई बलियो बनाउन कांग्रेसलाई बदल्नु आजको आवश्यकता रहेको उनले बताए । महामन्त्री थापाले धनुषामा वैदेशिक रोजगार र महोतरीमा किसानको समस्या बारे छुट्टाछुट्टै संवाद गरेको बताए ।

# सुधारिँदै नगर अस्पताल उपचार गर्न आउने बिरामी बढे

**टुडे समाचारदाता**

मलंगवा । लालबन्दी नगरपालिकाको मातहतमा रहेको नगर अस्पताल लालबन्दी पछिल्ला दिनमा सुधारिँदै गएको छ ।



अस्पतालमा उपचारका लागि आउने बिरामीको बढ्दो संख्याले पनि अस्पतालको अवस्था सुध्रिँदै गएको पुष्टी गर्छ । अस्पतालमा अहिले दैनिक एक सयको हाराहारीमा बिरामीहरु उपचार गर्न आउने गरेका अस्पतालका प्रमुख डा. रामविश्वास रायले जानकारी दिए ।

उपचारका लागि आउने बिरामीमध्ये आधाजसो स्वास्थ्य बीमा गरेका बिरामी हुन्छन् । अस्पतालमा स्त्री तथा प्रसुति रोग विशेषज्ञ नियुक्त भएसँगै प्रसूतितर्फ पनि चाप बढ्न थालेको छ ।

अस्पतालका प्रमुख एवं प्रसूति रोग विशेषज्ञ डा. रायका अनुसार अस्पतालमा मासिक ३० देखि ३५ जना गर्भवती प्रसुतिका लागि आउने गरेका छन् । अस्पतालमा केही साताभित्रै प्रसूतितर्फ शल्यक्रिया (अप्रेसन) सेवा समेत सुरु गर्ने तयारी गरिएको छ ।

"अप्रेसन सेवा सुरु गर्न जनशक्तिको व्यवस्था भइसकेको छ," डा. रायले भने, "अब केही औजार, उपकरण जुट्ने बित्तिकै सीएस सेवा पनि सुरु गर्दैछौँ ।" डा. रायले विशेषज्ञ चिकित्सकबाट सेवा पाउन थालेपछि अस्पतालमा बिरामीको चाप बढेको दावी गरे ।

"पहिले भन्दा सेवामा सुधार गरिएको र डाक्टर पनि थपिएकाले बिरामी बढेको छ' डा. रायले भने, "रङ्गरोगन र मर्मत सम्भार गरेर अस्पताललाई पनि चिटिक्क पारेका छौँ ।"

गएको पुस २७ गते प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी नगर अस्पताल लालबन्दी बनाइएको थियो । अस्पताललाई १५ शैय्याको बनाउने काम अन्तिम चरणमा पुगेको लालबन्दी नगरपालिका स्वास्थ्य शाखाका सह-संयोजक सुरेन्द्र खतिवडाले बताए । "अस्पतालको अवस्था पहिले भन्दा धेरै नै सुधारेका छौँ, अब हामी अप्रेसन बेड र ओटी लाइटको व्यवस्थापन हुनासाथ प्रसुतितर्फ अप्रेसन सेवा सुरु गर्दैछौँ," स्वास्थ्य शाखाका सह-संयोजक खतिवडाले भने, "अप्रेसन थिएटर संचालन गर्न हामीसँग दक्ष जनशक्तिहरु तयार भइसकेका छन् ।"

लालबन्दी नगरपालिकाले भर्खरै फार्मेसिस्ट, रेडियोग्राफरलगायत आवश्यक स्वास्थ्यकर्मी नियुक्त गरेको छ । पूर्व-पश्चिम राजमार्गमा रहेको नगर अस्पताल लालबन्दीलाई यस क्षेत्रको सुविधा सम्पन्न र व्यवस्थित अस्पताल बनाउनुपर्ने आवाज बारम्बार उठ्ने गरेको छ । यहाँका निजी अस्पतालहरुमा अत्यन्त महँगो शुल्क हुँदा विशेष गरी विपन्न वर्गका बिरामीलाई औषधि उपचार गर्नै समस्या पर्ने गरेकाले नगर अस्पताललाई व्यवस्थित बनाउनुपर्ने आवाज अस्पताल स्तरोन्नति घोषणा समारोहमा पनि उठेको थियो । अस्पतालमा लालबन्दीसहित आसपासका पालिकाबाट समेत बिरामीहरु उपचारका लागि आउने गरेका छन् ।

# दुई सय किलो माछाका सुकुटी बरामद



**टुडे समाचारदाता**

बर्दिबास । भारतबाट तस्करी भई आएको ठुलो परिमाणको भारतीय माछाको सुकुटी (सिधरी) प्रहरीले बरामद गरेको छ । प्रहरीले झिँगे, पोठिया, छइलगायत विभिन्न प्रजातिका दुई सय किलो माछाका सुकुटी बरामद गरेको छ ।

प्रहरीले पहिलो पटक नियन्त्रणमा लिएपछि भारतीय माछाका सुकुटी तस्करी हुने गरेको रहस्य खुलेको छ । पूर्व पश्चिम लोकमार्गको बर्दिबास ५ स्थित माईस्थान चेक प्वाइन्टमा प्रहरी टोलीले सर्लाहीबाट जनकपुरधामतर्फ जाँदै गरेको रेन्वो बसलाई तलासी लिँदा बसको छतमा रहेको जुट तथा प्लाटष्टिकको बोरामा माछाका सुकुटी फेला पारेपछि परेको प्रहरीले जनाएको छ ।

जलेश्वर भन्सार प्रमुख अमित पौडेलले महोत्तरीका नाकाबाट माछाका सुकुटी आयात प्रतिबन्धित वस्तु भएकोले यो तस्करी गरी भित्रिएको हुन सक्ने बताए । 'यस नाकाबाट सुकुटी आयात निषेधित भएकोले भन्सार प्रक्रिया गर्न मिल्दैन, यो प्रतिबन्धित छ' उनले भने ।

# ठूलो परिमाणमा नक्कली नोटसहित दुई जना पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनबाट प्रहरीले बिहीबार अपरान्ह ठूलो परिमाणमा नक्कली नोटसहित दुई जनालाई पक्राउ गरेको छ । नक्कली नोटको ओसारपसार भइरहेको विशेष सूचना प्राप्त गरी खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम राजमार्गस्थित हरिवन नगरपालिका-११, कडरिया चोकबाट दुई जनालाई पक्राउ गरेको छ । मोटरसाइकलमा रहेका ती दुई जनालाई प्रहरीले घेरा हालेर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय हरिवनबाट खटिएको प्रहरी निरीक्षक अनिलराज गिरी नेतृत्वको प्रहरी टोलीले अहिले बरामद गरेको नोट गन्ने र मुचुल्का उठाउने काम गरिरहेको सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) प्रवीण धितालले बताए ।

समाचारदाता चाहियो

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ ।

इमेल : jtodaynews@gmail.com

# पुल बनेपछि स्थानीय खुसी

**टुडे समाचारदाता**

सिरहा । मिर्चैया नगरपालिकाको ग्रामीण भेगका स्थानीयहरुलाई सहरी क्षेत्रसँग आवतजावत गर्न जिवाखोलामा पुल निर्माण भएपछि खुसी भएका छन् । २५ मिटर लम्बाइ पुल निर्माणको कार्य २०७८ मा शिलान्यास भई चार महिनाअघि सम्पन्न भएको थियो ।

स्थानीयहरुको अनुसार जिवाखोलामा पुल नहुँदा थप तीन किलोमिटर घुमेर मिर्चैया बजारको कामले र नगरपालिकाको कामले जानुपर्दथ्यो । वर्षातको समयमा रजैया सडक पूरै बन्द रहन्थ्यो ।

पुल निर्माण भएपछि तीन किलोमिटर बाटो छोटियो । ग्रामीण भेगबाट जाने पूर्व पश्चिम पूर्वमा चोहर्वा सिराहा खण्डका नरहा र विषणुपुर गाउँपालिकादेखि बडहरामाल हुँदै कमलासम्म बीस किलोमिटर सडकमा मिर्चैया नगरपालिकाले जिवाखोलामा पुल निर्माण गरिदिएपछि एउटा समस्या टरेको स्थानीय हेमकुमार यादवले भन्दै बतहा खोलामा समेत पुल निर्माण भइरहेको बताए । बतहा खोलाको पुल निर्माण सम्पन्न भएपछि रजैया सडक वैकल्पिक सडकको रुपमा प्रयोग गरेर हिमाल सुगर मिलसम्म सजिलै उखु पुर्‍याउन किसानहरुको लागि सहज हुने दक्षिणी भेगका किसानहरुले खुसी व्यक्त गरे ।




**बतहा खोलाको ५० मिटर चौडाइ दुई स्पाम रहने गरी भारवहन जाँचसमेत भएर काम द्रुत गतिमा भइरहेको**

पटकपटक विगतका संघीय चुनाव प्रदेशसभाको चुनाव र त्यसभन्दा अघि प्रतिनिधि सभाको चुनावहरुमा जिवा र बतहा खोलामा पुल निर्माण गरी दिइने ठूलाठूला प्रतिबद्धता किसानसँग गरे पनि कसैले पूरा नगरेको स्थानीय कृषक जुगेश्वर यादवले बताए । किसानको सपना सकार गर्न नगरप्रमुख यादवले जिवाखोलामा पुल निर्माण भयो र बतहामा काम जारी छ । अब किसानलाई उखुखेतीका लागि ठूलो राहत भएको बताए । जिवाखोलामा साढे चार करोडमा पुल निर्माण चार महिना अगाडि सञ्चालनमा ल्याइसकेको नगरप्रमुख श्रवणकुमार यादवले भन्दै पुल निर्माण भएपछि मिर्चैया नगरपालिका वडा नम्बर १,४ र ५ वडालाई प्रत्यक्ष लाभ भएको बताए ।

बतहा खोलामा सात करोडको लागतमा पुल निर्माणको काम दुई वर्षमा सम्पन्न हुनेगरी काम अघि बढिसकेको उनले बताए । नगरप्रमुख यादवले भने-'मिर्चैया नगरपालिकाको गामीण क्षेत्रलाई शहरी क्षेत्रसँग जोडेर शिक्षा स्वास्थ्य र कृषिक्षेत्रमा काम गरेको कामले नै दुई पटक नगरप्रमुखमा जनताले निर्वाचित गरेको छ । दोस्रो कार्यकालमा चुनावी प्रतिबद्धता अनुसार शिक्षा, स्वास्थ्य कृषि पूर्वाधार र पर्यटन क्षेत्रमा गरेका काम पूरा गर्नेगरी अघि बढेका छौं ।'

बतहा खोलाको ५० मिटर चौडाइ दुई स्पाम रहने गरी भारवहन जाँचसमेत भएर काम द्रुत गतिमा भइरहेको इन्जिनियर राजकिशोर साहले भन्दै वर्षैभरि पानी चल्ने बतहा खोलाको पानीलाई सिंचाइ प्रयोजनका लागि प्रयोग गर्न सकिने जानकारी दिए ।

# बाँदर नियन्त्रणका स्थानीय सक्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम । पोखरामा बाँदरले उपद्रव गरे झैँ धनुषाको बटेश्वर गाउँपलिकाका पनि बाँदरले उपद्रव गर्दा स्थानीयवासी चिन्तित बनेका छन् ।

बटेश्वर गाउँपालिका वडा नम्बर १ स्थित चित्रपुरमा पनि खेतमा लगाइएको बालीहरु नास गर्दै उपद्रव गर्न थालेपछि बाँदर नियन्त्रण अभियान चलाइएको छ ।

करिब एक महिनादेखि बाँदर नियन्त्रण अभियान चलिरहँदा पनि खेतमा लगाइएको बाली जोगाउन स्थानीय किसानलाई समस्या परिरहेको छ ।

गाउँपालिकाले भारतबाट बाँदर नियन्त्रणका लागि एक समूह नै बोलाएको छ । तीनैजनाले बाँदरलाई पिजरामा समातेर गाडीमा राखेर रातको समयमा टाढाको चुरे जंगल लगेर छाड्ने गरेका छन् ।



पालिकाले भारतको मथुराबाट बाँदर पक्राउ गर्नका लागि अनुभवी मान्छे बोलाएर बाँदर धपाउने गरेका छन् । अहिलेसम्म एक दर्जन जति बाँदर नियन्त्रणमा रहेको छ ।

गाउँपालिकाको बाँदर नियन्त्रणमा लिएर धपाउनका लागि पाँच लाख रुपैयाँ बजेट छुट्याएको छ । बाँदर आतंकका लागि राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयकी प्रमुख मञ्जु खतिवडासहितको टोलीले समेत अनुगमन गरेको छ ।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८